कोरोनाबाट आफु बचौं र अरुलाई पनि बचाउ

समाजलाई जोड्ने सत्य सञ्चार

टुडे एक्सप्रेस

राष्ट्रिय दैनिक

www.etodayexpress.com

रेडियो जनकपुर ९७ मे.ह. सुनौ प्रदेश २को खबर अपडेट हुनुहोस्

radiojanakpur.org.np

❑ वर्ष १६ ❑ अंक ०४ ❑ पृष्ठ ८ | २०७७ मंसिर ०८ सोमबार (2020 NOVEMBER 23 MONDAY) | मुल्य रु ५।-

सामाचकेवा पर्व ०२ | पार्की टोकियो ओलम्पिकका लागि छनोट ०६ | 'मोडलिङ्गमा करिअर बनाउन सकिन्छ' ०८

मिटर ब्याजले थलिए मधेशका निमुखा

१ सय ७२ प्रतिशत ब्याजमा चार गुणा बढीको तमसुक

कमलेश ठाकुर / जनकपुरधाम

बजारमा दुई दर्जनभन्दा बढी बैंक तथा वित्तीय संस्थाको होर्डिङबोर्ड छ। टोलैपिच्छे सहकारी संस्था छ। घर-घरमा लघुवित्तका सदस्यहरू। तराई मधेका गाउँमा बैंक, वित्तीय संस्था एवं लघुवित्तको समूहमा आवद्ध नभएको घर परिवार बिरलै भेटिएलान्। तर, तराइमै छ, फस्टाएको मिटर ब्याजको धन्दा। देख्दा समान्य लाग्ने तर, दिनैपिच्छे ब्याज तिर्नु पर्ने सकसले तराई-मधेशको कतिपय गाउँ नै साहुको कब्जामा पुगेको छ।

तराई मधेशको गाउँ-गाउँमा गरिबलाई साहूसँग ऋण नलिए जीवन गुर्जान मुस्किल छ। यहाँका अति विपन्न तथा बेरोजगार परिवारले, छोराछोरी पढाउनु पर्दा, मृत्यु संस्कारमा भोजभतेर गर्नु पर्दा, छोरीको बिहेमा (तिलक) दहेज दिनु पर्दा, बैदेशिक रोजगारीमा जाँनु पर्दा, बिरामी हुँदा उपचार गराउनु पर्दा र सामान्य घर खर्च चलाउन पनि ऋण लिँनु पर्ने बाध्यता छ।

मुलुकी ऐनले साहूलाई ऋणीसंग सावाँको वार्षिक दश प्रतिशतभन्दा बढी व्याज लिन बन्देज लगाएको छ। तर तराईमा साह्रो गाह्रो परेर ऋण लिन गए साहूले थैलीको चार गुण बढी तमसुक बनाउने र मिटर व्याज लिनेगरि ऋण दिन्छन्। मिटर ब्याजको कदर वार्षिक १ सय ७१ प्रतिशतभन्दा बढी पर्न आउँछ।

साहूलाई ऋणीले वार्षिक ३६ प्रतिशत व्याज तिर्नैपर्ने कुरा समान्य भएसकेको छ। नेपाल राष्ट्र बैंक जनकपुर शाखाका अनुसार प्रदेश २ को सबै पालिकामा बैंक तथा वित्तीय संस्था पुगिसकेको छ। तर, बैंकको झण्झटिलो प्रकृयाका कारण गरिब, विपन्न परिवारहरू स्थानीय साहुसंग चर्को ब्याजदरमा ऋण लिन बाध्य छन्। गाउँ-गाउँमा मिटर ब्याजी धन्दा फस्टाएको छ।

महोत्तरीको औरही नगरपालिका बजारस्थित स्थानीय साहु विजय चौधरीले ऋणीसंग १ सय ७२ प्रतिशत भन्दा बढी ब्याज लिँने गरेको तमसुक अभियानकर्मीलाई फेला परेको छ। औरहीमा हाटबजार मंगलबार र शुक्रबार गरी सातामा दुई पटक लाग्छ। साहु चौधरीले गाउँका गरिब, विपन्नलाई ऋण दिँदा एक लाख रुपैयाँको प्रति बजार २ हजार १९ रुपैयाँका दरले ब्याज लिएर ऋण लगानी गर्ने गरेका छन्।

विजय चौधरी धनी रहेको तमसुक अनुसार प्रति लाख रु १४ रुपैया ३३ पैसा अथार्त १ सय ७२ प्रतिशत ब्याजमा कपाली तमसुक बनाइएको हो। यो हिसाबले एक लाख रुपैयाँको १४ हजार १ सय ३३ रुपैया प्रति महिना ब्याज हुन्छ। बिजय चौधरी सम्भवत मुलुकमै अहिलेसम्म सबै भन्दा चर्को ब्याज लिने मिटर ब्याजी हुन्।

प्रदेश २ का महान्यायधिवक्ता दिपेन्द्र झाले मुलुकी ऐन लेनदेनसम्बन्धी महलको दफा ६ र ७ ले सयकडा १० प्रतिशत र सावाँ बराबर भन्दा बढी ब्याज लिन नपाइने कानुनी व्यवस्था रहेको बताए। 'सावाँ रुपैया भन्दा बढी ब्याज लिनु गैर कानुनी हो। झाले भने,'कोही कसैले पनि सयकडाको १० प्रतिशत भन्दा बढी ब्याज लिएको छ भने गैर काननी हो। प्रति हटियाको आधारमा लिएको ब्याज सरासर गैरकानुनी काम हो।'

उनको अनुसार मुलकि संहित २०७५ लागु भएपछि व्यक्तिले ५० हजार भन्दा बढी रकम ऋण लगानी गर्दा स्थानीय जनप्रतिनिधिको रोहबर (सिफरिस)मा लेनदेन गर्नु पर्ने व्यवस्था छ। महान्यायधिवक्ता झाले पीडित पक्षलाई नजिकको वडा कार्यालय वा स्थानीय प्रहरीमा उजुरी गर्न सुझाव दिए। 'पीडित पक्षले उजुरी गरेपछि हाम्रो कार्यालयले एक्सन लिने छ ,'उनले भने,' मुहान्यायधिवक्ता कार्यालयले सरकारी वकिललाई पत्राचार गरी कानुनी प्रकृया अगाडी बढाउँन निर्देशन दिनसक्छ। झा ले नि:शुल्क पीडितको वकालत गर्ने बताए।'

चार गुना बढाएर तमसुक

गएको २०७४ सालमा औरहीका गुद्री मण्डलले घर खर्च र स्वास्थ्य उपचारको लागि स्थानीय साहु विजय चौधरीसंग रु १ लाख ५० हजार रुपैया ऋण लिए।

पृष्ठ २ मा बाँकी

चिकित्सकको लापरवाहीले आरतीको मृत्यु

टुडे एक्सप्रेस / लहान

शनिबार राती लहानका एक नीजि अस्पतालमा चिकित्सकको लापरबाहीले सुत्केरीको मृत्यु भएको घटनामा तीन सदस्य छानबीन समिति गठन भएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय सिरहाका प्रमुख किष्णदेव यादवको संयोजकत्वमा तीन सदस्य छानबीन समिति गठन हो।

छानविन समिति गठन

लहानको डिभाइन हेल्थ केयर एण्ड अस्पतालमा सुखीपुर नगरपालिका-९ बैसाखाकी २७ वर्षीया आरती साहको शल्यक्रियाका क्रममा राति मृत्यु भएको थियो। मृत्यु पश्चात पीडित पारिवारले चिकित्सकको लापरबाहीले सुत्केरीको मृत्यु भएको भन्दै विरोध गरेकमा थिए। अस्पतालमा समेत तोडफोड गरियो।

घटना साम्य पार्न प्रशासनले छानबीन समिति गठन गरेको छ। धनुषाका प्रमूख जिल्ला अधिकारी प्रदिपराजका अनुसार समितिमा लहान अस्पतालका स्त्री तथा प्रस्तुती रोग विशेषज्ञ र लहान नगरपालिकाका स्वास्थ्य शाखा प्रमूख गरी तीन जना रहेको छ।

समितिका सदस्यहरूले छानबीन पश्चात जिल्ला प्रशासन कार्यालय सिरहालाई प्रतिवेदन पेश गर्छन्। प्रतिवेदनको अधारमा दोषीमाथि कानुनी कारवाही गर्ने प्रजिअ कणेलले जानकारी दिए। घटनापछि अस्पताल सञ्चालक, कर्मचारी र चिकित्सकहरू बेपत्ता भएको मृतक आरतीकी श्रीमान प्रमोद साहले बताए। 'डाक्टरले लापरबाही गरेकैले मेरी पत्नीको मृत्यु भएको हो,' उनले भने, 'लापरवाही गर्ने चिकित्सकमाथि कारवाही हुनुपर्छ।'

आक्रोशित स्थानीयले आइतबार बिहान ८ देखि १० बजेसम्म पूर्व-पश्चिम राजमार्गअन्तर्गत लहानस्थित अस्पताल चौक खण्डमा यातायातसमेत अवरुद्ध गरेका थिए। स्थानीय प्रशासनले अस्पतालअगाडि सुरक्षाकर्मी व्यवस्था कडा बनाएका छन्।

नवजात शिशु भने सकुशल छन्। उनलाई त्यहाँबाट लहानकै सप्तऋषि अस्पतालमा भर्ना गराएको छ।

अहिंक रेडियो अहिंक आवाज
रेडियो जनकपुर ९७ मे.ह.

कार्यक्रम
अखाडा
शितल साहके साथ
९८०७८१५११२, ९८०७८७४४००,
९८६२०८७४९७

हेरक दिन
विहान ७:३०-९:३० बजेसम्म
वेलुकी ८-९:३० बजेसम्म

web//: www.radiojanakpur.org.np
twitter//: @Radiojnk97
facebook //: Radiojanakpur 97.0 mhz
Youtube //: Radio Janakpur 97.0 Mhz

सामाचकेवा पर्व : स्नेहपूर्ण वातावरणको अनुभूति

हिमांशु चौधरी / जनकपुरधाम

सांस्कृतिक पर्व सामा चकेवाअन्तर्गत आ-आफ्ना भाइलाई आशीष दिन विन्ती गरिएका गीतले मिथिलाञ्चलमा स्नेहपूर्ण वातावरणको बोध गराइरहेको छ।

आबह सामा, आबह चकेवा हे अपन देश
आइ मोर हे आशीष दैह
जीबह आइ लाख बरीस ...

भाइ-बहिनीको प्रेमको प्रतीक रहेको सामाचकेवालाई गीतका माध्यमले आह्वान गरी दिदीबहिनीले भाइको दीर्घायुको कामनाका गरी श्रद्धापूर्वक मनाइरहेको यो गीत त्यसको दृष्टान्त हो। सामाचकेवा दिदीबहिनीद्वारा दाजुभाइको दीर्घायुको सम्पन्नताका लागि कामना गरिने पर्व हो। भ्राति द्वितीयाका दिन दिदीबहिनीले सामाचकेवाका पात्रहरूको माटोको आकृति बनाई छठपर्वको खरनादेखि पूर्णिमासम्म यस पर्वको आयोजन गर्ने गरेको पाइन्छ। प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इङ्गित गर्ने यो पर्व विशेष गरी बालिकाहरूको भए पनि युवती र प्रौढहरूको उत्साहपूर्वक खेल्ने गरेको देखिन्छ।

सामा स्त्री पात्र र चकेवा पुरूष पात्र हुन्। दुवैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ। त्यस्तै अन्य पात्र पनि माटोकै बनाइन्छ। सामाचकेवा पर्व मनाउँदा दाजुको प्रशंसा तथा चुगला भन्ने पात्रलाई गाली दिने खालका गीत गाएर बहिनीहरू मनोरञ्जन गर्दछन्। मैथिल ललनाद्वारा सामा चकेवाका माटोको आकृतिहरू बनाई राति एउटा ढक्कीमा राखी दीप बाली घरबाट बाहिर अन्य साथीहरू मिलेर गीत गाउँदै चौरमा गई यो पर्व मनाउने परम्परा रहेको छ। छठपर्वको खरना (पञ्चमी) का दिन मूर्तिहरूलाई सेतो बनाउनका लागि अरूवा चामलको लेपन गरिन्छ।

त्यसपछि सुहाउँदो र इच्छाअनुसारका रङहरू प्रयोग गरी सामालाई सिँगारिन्छ। हरिबोधिनी एकादशीभन्दा पूर्व सम्पूर्ण सामग्री बनाइ सकिन्छ। तराई भेगमा घरघरमा माटाका मूर्तिहरू बनाउनुलाई महिलाको मूर्तिकलाप्रतिको चाख र कौशल प्रदर्शन गर्ने माध्यमका रूपमा पनि लिइन्छ। यो पर्व रमाइलो गरी मनाइने हुँदा यसलाई सामा खेल पनि भनिन्छ। कहींकहीं साथी-सँगी र नन्द-भाउजूबीच कोसेलीका रूपमा पनि सामा पठाउने गरिएको पाइन्छ। कतिपय दाजुभाइ नहुने दिदीबहिनीले भाइको जन्मको भए ढोल बजाएर सामा खेल्नेछु भनी भाकलसमेत गरेको पाइन्छ।

यस अवसरमा एउटा चङ्गेरा (बाँसबाट बनाइने ढक्की विशेष) मा सामाका मूर्तिहरू सजाएर राखिन्छ। यसअन्तर्गत सामाको भोजनका लागि भनेर एउटा झपना (छोप्ने) भएको सामाको पौति (बाँस वा खर वा सीकीबाट बनाइएको भाँडो विशेष) मा च्यूरा र गुड राखिन्छ। रातिको समयमा खानपिन गरी महिला वर्ग सामूहिकरूपमा डाला लिएर एकत्र भएर विभिन्न प्रकारका गीतहरू गाउँदै सामा खेल्ने गर्दछ। गीतहरूमा भाइबहिनीको आत्मीयता र स्नेह, सामाको जीवनमा परेका दुःख, चुगिलाले चुक्ली लगाएकामा उसलाई गरिने गाली आदि विषयहरू समेटिएका हुन्छन्। चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने र पतिपत्नीका बारेमा चुक्ली लगाउने छुल्याहा चुगला भन्ने पात्रको जुँगाको प्रतीक जुटलाई डढाउने क्रम पूर्णिमासम्म चल्ने गरेको पाइन्छ। यसमा सामा चकेवालगायत चुगला, ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, झाँझी कुत्ता, भैया बटतकनी, मलिनियाँ र वृन्दावनलगायतका पात्र हुन्छन्। सामा चकेवालाई नयाँ धानको बालाले पूजा गर्ने चलन पनि रहेको छ।

यस पर्वमा दिदीबहिनीले मनोवाञ्छित फल प्राप्तिका कामनाका साथै मूर्तिहरूलाई चलायमान गरी वृन्दावनमा आगो लगाउने, चुगलाको मुख आगोले पोल्ने तथा विसर्जन गर्नुपूर्व दाजुभाइले सामालाई घुँडामा राखी फुटालेपछि सबैले अन्य मूर्तिहरू फुटाल्छन्। माटोका मूर्तिहरू त्यत्तिबेला जीवन्त भएर आउँछन् जब महिलाहरू त्यसलाई पात्रका रूपमा उभ्याएर मार्मिक, मनोरञ्जक एवं मर्मस्पर्शी गीतिसंवाद बोल्छन् :

कानि खिजि चिठिया लिखौलनि
फलाँ बहिनो मैजौलनि हजामका हाथ
चिठिया दिहन्हि हो मैया, फलाँ मैयाके हाथ
भेला घोडा पर सवार
बाबाक सम्पतिआ हो मैया
भतिजबा के ओ आस
हम परदेशिन हो मैया
सिन्दूरवा केर हो आस ... ।

यो गीतमा बहिनीले भाइलाई हजाममार्फत पत्र पठाउँछिन्, भाइ पत्र पाउनेबित्तिकै घोडामा सवार भई सिन्दुर र टिकुलीसहित बहिनीकहाँ आउँछन्। बहिनीले मसँग धनसम्पति पर्याप्त छ, मलाई तपाईंसँग मेरो सिन्दुरको रक्षाको आशामात्र छ भनी उल्लेख गर्नाले भाइबहिनीको शाश्वत प्रेमलाई दर्शाउँछ। सूक्ष्मरूपले विचार गर्दा सामा खेल ग्रामीण महिलाहरूको अभिनयजस्तै लागे पनि यसको सम्बन्ध पुराणसँग भएकाले यसलाई धार्मिक पर्व मानिएको देखिन्छ। यसको सर्वप्रथम चर्चा पद्मपुराणमा पाइन्छ। भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अद्भुत भातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसङ्गको मार्मिक क्षणजस्ता गीति संवाद रहेको छ।

पद्मपुराणमा सामा चकेवाको कथा सप्रसङ्ग उल्लेख गरिएको छ। यसअनुसार कृष्णका सोह्र हजार एक सय आठ रानी थिए। उनीहरूमा रूक्मिणी, सत्यभामा, कालिन्दी, मित्रविन्दा, नाग्नजिति, सुलक्ष्मणा, सुशीला र जाम्बवती आठ पटरानी थिए। ऋक्षराज (भालुहरूको राजा) जाम्बवानले कृष्णबाट शमन्तक मणिका लागि भएको युद्धमा पराजित भएपछि मणिका साथै छोरी जाम्बवतीलाई कन्यादान दिएका थिए। यही जाम्बवतीबाट शाम्ब छोरा र श्यामा (सामा) नामको छोरी प्राप्त भएको थियो।

पद्मपुराणका अनुसार सामा र वृन्दावनका एक कुमार चारूवक्य मायाको बन्धनमा बाँधिएका हुन्छन्। राज्यका महासामन्त चुडक (चुगला) पनि सामालाई प्रेम गर्दछन्। सामाले अस्वीकार गरिदिँदा चूडकले कृष्णलाई सामाको सतित्व सम्बन्धमा झुठा कुराहरू सुनाइदिन्छ। कृष्ण छोरी सामाको सतित्वमाथि शङ्का गरी चरी बन्ने सराप दिन्छन्। चारूवक्य सामाको विरह व्यथाले महादेवको तपस्या गरी चकेवा बन्न पुग्छ र दुवै प्रेमी चकेवा-चकेवीका रूपमा वृन्दावनमा बस्न थाल्दछन्। यस घटनाको समयमा राज्य भ्रमणमा निस्केका कृष्णका छोरा शाम्ब फर्केर राजधानी आएपछि यी सबै कुरा सुनेर बाबुसँग क्षुब्ध भइ बहिनी सामा र चारूवक्यलाई पुनः मनुष्य बनाउन वृन्दावन गइ तपस्या गर्न थाल्छन्। सामाले चरी बन्ने सराप पाएपछि चूडकको नाम फेरेर चुगला राखी दिनुका साथै सबैले चुगलाको मुख झोस्ने छन् भनी दिएको सरापबाट रिसाएर चूडकले वृन्दावनमै आगो लगाइदिन्छ।

आगो लगाएकै बेला वृन्दावनमा भयानक आँधीसँगै पानी पर्न थाल्छ। आँधीका कारण एउटा रूख ढल्दा च्रडक किचिएर मर्छ। यसपछि भगवान विष्णु शाम्बप्रति खुशी भइ सामा र चारूवक्यलाई पुनः मनुष्य बनाइदिन्छन्। यसरी सोही दिनदिखि सामा चकेवाको पर्व प्रचलित भएको मान्यता छ। सामा चकेवा पर्वमा श्यामा र चारूवक्यको चरा रूपमै पूजा गर्ने गरिन्छ। भाइले सामा फुटाल्नुको अर्थ चराको जुनीबाट मुक्ति दिलाउनु हो भनिन्छ। श्यामा र चारूवक्य शब्दको पछि अपभ्रंश भइ सामा र चकेवा नाम प्रचलित हुन गएको हो।

संस्कृतिविद् रामभरोस कापडिका अनुसार यस पर्वमा मिथिलाञ्चलको पारिवारिक जीवन तथा लोक आस्थाको अटुट सम्बन्ध देखिन्छ। मानव मात्र हैन, घरपरिवारमा रहने चरा, झाँझी कुत्ता, वनतित्तर, जङ्गल- जीवनकै सिद्धान्तअनुरूप वृन्दावन जङ्गल सम्बन्धको अद्भूत समन्वय रूप हो। सामाको सन्देशले समाजमा भावनात्मक एवं रागात्मक सम्बन्ध स्थापित गराउनमा पूर्णसार्थक देखिएको छ।

जानकी मेडिकल कलेजले गरेको श्रम शोषण विरुद्ध २२ दिनदेखि आमरण अनसन बसेका कर्मचारीद्वय जानकी शरण यादव र कुलदीप साह। उनीहरूको अवस्था गम्भीर बनेपछि प्रहरीले प्रादेशिक अस्पताल पुर्याएका थिए। अहिले अस्पतालको आइसियु कक्षमा उपचार भइरहेपनि उनीहरूले माग पुरा नभएसम्म अनसन जारी राख्ने बताइरहेका छन्। *तस्विर : टुडे एक्सप्रेस*

जनकपुरधाममा 'सवको हाथ, सवको साथ' सरसफाई अभियान

टुडे एक्सप्रेस / जनकपुरधाम

नेपालको प्रदेश २ का पर्यटकीय गन्तव्य मध्ये एक जनकपुरधाम फोहोर र लामखुट्टेको केन्द्र बन्दै गएको छ। माहामारीको रुपमा फैलिएको कोराना भइरसले जनकपुरमा पर्यटक आउने क्रम रोकिएको छ।

हिन्दु धर्मावलम्बीहरूको आस्था केन्द्र मानिने जानकी मन्दिरमा आउने श्रद्धालु तीर्थयात्री पनि स्वात्तै घटेका छन्। जनकपुरधाममा पर्यटक नआउने अर्को कारण हो फोहोर। शहर पूरै फोहोरको डंगुर यत्रतत्र देखिन्छ। दिवा समयमा पनि लामखुट्टेको टोकाइ खप्न सकिदैन। लामखुट्टे बिगबिगी बढ्नुमा फोहोर व्यवस्थापन गर्न नसक्नु नै प्रमुख कारण हो।

नेपालको आन्तरिक पर्यटक तथा भारतको विहार,उत्तर प्रदेश लगायत अन्य मुलकका लाखौं श्रद्धालु भक्तजनहरू जनकपुरधाममा माता जानकी, माता राजदेवी, भगवान रामको मन्दिर दर्शन गर्ने उद्देश्यले जनकपुरधाम अउने गर्दछन्। तर जनकपुरधामको मुख्य प्रवेशद्वार उत्तरपट्टी पिराडी चौक, रामानन्द चौक, दक्षिण जिरोमाईल, एयरपोर्ट रोड,मुरली चोक अत्याधिक फोहोर छ। यी चोक वरपर लामखुट्टे बाक्लै देखिन्छ। मुख्य आस्थाको केन्द्र जानकी मन्दिरको चारैतिर फोहोरका चाङ देखिन्छ। छाडा चौपाया र सुंगुरहरूको आतंकले स्थानीय र आगन्तुक दुवै दिक्दार हुन्छन्। जनकपुरधाममा सुविधायुक्त र आरामादायी रात बिताउने वातावरण छैन। त्यसकारण तीर्थयात्रीहरू दर्शन गरेर सोही दिन फर्कने गर्छन्। रात जनकपुरमा बिताउने पर्यटक नगाण्य हुन्छन्। शहरको फोहोर र लामखुट्टेको भुनभुनले पर्यटक नाकारात्मक सन्देश लिएर फर्कन्छन्। जनकपुरधामको राम्रो सन्देश जादैन। खराब सन्देश सर्वत्र फैलिन्छ।

जनकपुरमा धार्मिक पर्यटकहरूको बसाई लम्ब्याउन सके यो क्षेत्रको आर्थिक,धार्मिक तथा सामाजिक क्षेत्रमा व्यापक प्रभाव पर्ने थियो।

पर्यटन उद्योगको कायापलट गर्न अब जनकपुर उपमहानगरपालिकाले नै कम्मर कस्नु पर्छ। तर स्थानीय जनताले पनि साथ सहयोग गर्नै पर्छ। एकल प्रयत्नले सफलता पाउने छैन। जथाभावी फोहोर नफाल्ने र आफूले उत्पादन गरेको फोहोर आफै व्यवस्थापन गर्ने चेतनालाई व्यवहारमा उतार्न आवश्यक रहेको जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहले बताए।

दर्शनीय स्थलहरूलाई जोडेर एक प्याकेज कार्यक्रम ल्याएर पर्यटकको बसाइ अवधि लम्ब्याउन सकिन्छ। विभिन्न विकास निमार्णका योजनाहरू जनकपुरधाम नगर क्षेत्रभित्र निर्माणाधीन रहेको अवस्थामा फोहोरव्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको उपमहानगरपालिकाको भनाइ छ। जनकपुरधामको मुख्य परिचय नै जानकी मन्दिर भएकोले सो वरिपरी पनि कमसेकम सरसफाई निरन्तरता दिइए पर्यटकहरूको मनमा फोहोर जनकपुरको पर्याय बन्ने थिएन।

'सवको हाथ, सवको साथ' अभियान

जनकपुरधामको फोहोर व्यवस्थापनको चुनौती पार लगाउन उपमहानगरपालिकाले 'सवको हाथ, सवको साथ' जनकपुरधाम उप-महानगरपालिका सरसफाई अभियान शुरु गरेको छ। अभियानलाई निरिन्तरता दिदै जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहको नेतृत्वमा जनकपुरधामको विभिन्न चोकमा सरसफाई गरिदै छ।

फोहोर व्यवस्थापनको समस्या भोगि रहेका उप-महानगरले वैकल्पिक व्यवस्थाहरू गरी नगरलाई सफासुग्घर राख्न हर सम्भव प्रयाशगरिरहेको छ। नगरबासीको चेतना र व्यवहारमा रुपान्तरण ल्याउने उपमहानगरपालिका र नेतृत्वकर्ता लालकिशोर साहको प्रयाश छ। फोहोर व्यवस्थापनको कार्य उपमहानगरपालिका कै हो भन्ने सोच परिवर्तन गरि हामी सबैको नगर हो आफनो स्थानको सरसफाई आफै गरे जनकपुरधाम सफा र सुन्दर हुने चेतना र व्यवहार प्रदर्शन गर्न सरसफाई अभियानका नेतृत्वकर्ता मेयर साहले आग्रह गरेका छन्।

मेयर साहले भने, हामीले नगर सफाईलाई थप प्रभावकारी वनाउन 'सवको हाथ, सवको साथ' भन्ने अभियान शुरु गरेका छौं। यस अभियानमा सबै नगरवासीले सहयोग गर्नुहुन्छ भन्ने विश्वास छ।

बाटोमा फोहोर फ्याक्ने, छाडा गाईबस्तु तथा निर्माण सामग्रीहरू जथाभावी राख्ने गरेका कारण उप-महानगरका सडकहरू दिनहुँ फोहोरमय हुँदै गएको छ। उप-महानगरपालिकाले आफ्ना सफाई कर्मचारीलाई दिनहुँ सरसफाईमा परिचालन गरेपनि यहाँ दैनिक फोहोर व्यवस्थापन गर्नमा समस्या भइ रहेको उप-महानगरपालिकाका मेयर साहले बताए। ठाउँ ठाउँमा कन्टेनर,डस्टबिन लगायतका सामग्रीहरू राखिएको भएपनि सडकमै फोहोर फ्याक्ने परिपाटीले पनि फोहोर व्यवस्थापनमा समस्या बढाएको छ। उप-महानगरले फोहोर व्यवस्थापन गर्नकालागि सरसफाई कर्मचारी तथा ट्याक्टर र टिपरहरू दिनहुँ परिचालन गर्दै आईरहेको छ।

पृष्ठ १ बाट क्रमश...

तमसुकमा १० प्रतिशत ब्याजदर मात्रै लिँने लेखिएपनि तमसुकको अन्तिममा वास्तविक रकम भन्दा चार गुना बढीको रकम थपेर प्रति हाटबजार रु १ लाखको, २ हजार १९ रुपैयाँका दरले ब्याज लिँने लेखिएको छ। तमसुक पनि चार गुना बढाएर अथार्त रु १ लाख ५० हजारको रु ६ लाखको तमसुक बनाएका छन्।

पैसा लिए, तमसुक फिर्ता गरेनन्

गुद्री जस्तै पीडा उनको छिमेकी ममता देवी मण्डलको पनि छ। ममताले घरकै कामकाजका लागि गएको २०७४ माघ महिनामा २०/२० हजार दुई पटक र ३० हजार रुपैयाँ एकपटक गरी रु ७० हजार रुपैयाँ ऋण लिएकी थिइन्। पति रामचन्द्र मण्डल वैदेशिक रोजगारमा थिए। पछि साहु चौधरीले ऋणी ममताको नन्द तारा मण्डलसंग ५ फागुन २०७४ मा १ लाख ७३ हजार २ सय रुपैयाँको तमसुक बनाउन लगाए। उनको पनि गुद्री जस्तै प्रति हाटबजार ३ हजार ५ सय रुपैयाँको दरले ब्याजदर तिर्नैपर्ने गरी तमसुक गराइएको छ। तमसुकमा माथिको ब्यहोरामा १ लाख ७३ हजार २ सय रुपैयाँको चार गुणा बढी ६ लाख ९२ हजार ८ सय रुपैयाँ सबाको ब्याज वार्षिक सयकडा १० प्रतिशतको दरले पुस मसान्त २०७४ भित्रमा बुझाउनु पर्ने उल्लेख छ।

मिटर ब्याजी चौधरीलाई तिर्नैपर्ने १ लाख ३० हजार रुपैयाँ तमसुक बनाएको चार महिना भित्रै तिरिसक्दा समेत हालसम्म उनले तमसुक फिर्ता नपाएको गुनासो गरे। ममताकी पति रामचन्द्रले आफुले दुईपटक ५०/५० हजार रुपैयाँ र एकपटक ३० हजार दिएर ऋण फर्छ्यौट गरेको बताए। तर, तमसुक फिर्ता नगरेको बताए।

'म आफै दुईपटक चौधरीलाई ५०/५० हजार रुपैयँ र एकपटक सापटीको रुपमा दिएको ३० हजार रुपैयाँ दिएको थिएँ। उनको ऋण पूर्णरुपले ३/४ महिना भित्रै चुक्ता गरिदिए। तर आफ्नो तमसुक पटक पटक माग्दा चौधरीले दिन मानेका छैनन्,' पीडित मण्डलले भने।

ऋणीको सम्पत्तीमा साहुको आखा

साहुले ऋणी गुद्री मण्डललाई पैसा दिन पटक पटक धाकधम्की दिदै आएको पीडित पारिवारको भनाइ छ। तर, भदौ दोस्रो साता ऋणी मण्डलले पैसा धेरै भएपछि साहुसंग केही ब्याज मिनहा गरिदिन आग्रह गरे। लिएको ऋण चुक्ता गर नत्र दुहुना भैंसी खोलाले बगाउने धम्की दिएको ऋणीको श्रीमती पासोले सुनइन। ऋणी परिवारले भैसी नदिने अडान कसेपछि भदौ १४ गते साहु चौधरीले निर्घात कुटपिट गरे। पीडित परिवारले छरछिमेकको सहयोगमा उपचार गराए। त्यसको दुई दिनपछि जिल्ला प्रहरी कार्यालय महोत्तरीमा कुटपीट मुद्दा दार्ता गराए। चौधरीले घटना बाहिर आउँला भन्ने डरले स्थानीय चौकीमा नै घटना मिलाउन पीडित पारिवारलाई दबाब दिए। भदौ १८ गते स्थानीय चौकीमा साहु चौधरीले एउटा दुधालु भैसी लिएर सबै ऋण मिनहा गरे।

आफ्नो लगानीको सुरक्षाका लागि ऋण दिने साहुले सावाँ रकममै वास्तविक रकम भन्दा चार गुणा बढाएर तमसुक बनाउन लगाउँछन्। ऋणीले पनि हस्ताक्षर वा औठाछाप लगाएका हुन्छन्। तराई मधेशका जिल्लाहरूमा यो पुस्तौंदेखि चलिआएको चलन हो। यसरी वास्तविक लेनदेनको अङ्क भन्दा चार गुणा बढीको कागजात तयार गर्नँ किर्ते काम हो। तर, त्यही कीर्ते लिखतलाई राजनीतिक दल, समाज र सरकारी अड्डा अदालतले मान्यता दिँदै आएका छन्।

यसरी तराई मधेशमा खुलेआम ठगी धन्दाले प्रोत्साहन पाइरहेको छ र त्यसको शिकार भइरहेका छन् निमुखाहरू। न किर्ते तमसुक गरेको आरोपमा कसैलाई आजसम्म कारवाही भएको छ। न किर्ते तमसुक बनाउने लेखनदास नै पक्राउ परेका छन्।

साहुको डरले ५ परिवार विस्थापित

साहु विजय चौधरीको डरले गाउँका पाँच जना पारिवार हालसम्म विस्थापित भइसकेका छन्। गाउँलेका अनुसार साहुको डरले स्थानीय मदन चौधरी, दुई वर्ष पहिले विस्थापित भएका हुन्। मदन चौधरीलाई साहु विजयले शैचालयमा थुनेर कुटपीट गरेको स्थानीयको भनाई छ। यस्तै विस्थापित हुनेमा नथुनी साह, लक्षमण झा, राजु राउत र आन्नद झा परिवारसहित गाउँबाट विस्थापित भएका छन्।

यता, साहु विजय चौधरीले भटेर कुराकानी गरे मात्रै केही बोल्ने प्रतिक्रिया दिए। तमसुकको कुरा सत्य रहेको स्वीकार गर्दै थप कुरा गर्न उनकै गाउँ पुग्नु पर्ने भन्दै उनले प्रतिक्रिया दिन मानेनन्। महोत्तरीका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवालले पीडित पक्षले उजुरी गरे तत्काल कारवाही गर्ने बताए। मधेशमा मिटर ब्याजी धन्दालाई निरुतसाहित गर्न पीडित पक्ष अगाडि आए मात्रै कम गर्न सक्ने उनको भनाइ छ। 'साहुसहित कपाली तमसुक बनाउने लेखनदासविरुद्ध पनि उजुरी आउनु पर्छ,'उनले भने,'यकिन तथ्याङ्क नभए पनि विगतमा यस्तो प्रवृतिको मानिसहरू कारवाहीमा परेका छन्।'

करेन्ट लागेर हात्तीको मृत्यु

सप्तरी / रासस

सप्तरीको कञ्चनरूप नगरपालिका-५ परेमारामा आज एउटा जङ्गली हात्ती मृत फेला परेको छ। बिजुली बत्तीको करेन्ट लागेर परेमारा गाउँदेखि पूर्व धानखेतमा हात्ती मृत भेटिएको स्थानीय बच्चुलाल चौधरीले बताए।

पूर्व पिप्रा धरमपुर घोघनपुर उपभोक्ता समितिका अध्यक्षसमेत रहनुभएका चौधरीका अनुसार ११ केभीको विद्युत् प्रसारण लाइनको तारमा अल्झिएको अवस्थामा हात्ती मृत भेटिएको हो।

'नजिकै रहेको कोशीटप्पु वन्यजन्तु आरक्षको जङ्गलबाट आएर गाउँमा मृत अवस्थामा हात्ती भेटिएको हो', उनले भने, 'हात्तीको शरीरले बिजुलीको तार किचिएर पोलसमेत झुकेको छ।' उनले हात्तीको अन्य कुनै भागमा चोटपटक नभएको जनाउँदै करेन्टकै कारण मरेको हुनसक्ने बताए।

घटनास्थलमा आरक्षका सहायक वार्डेन सन्तोष भगत पुगेका थिए। मृत हात्तीलाई कानूनी प्रक्रिया पूरा गरेर मरेकै स्थानमा खाल्डो खनेर गाडिने सहायक वार्डेन भगतले बताए।

महामारीमा पर्यटनः जगाउँदैछ आशाको सञ्चार

सिबी अधिकारी / आलेख

बन्दाबन्दीको आठ महिनापछि विदेशी पर्यटकलाई स्वागत गर्न पाउँदा पर्यटन व्यवसायी नवराज दाहाल दङ्ग हुनुहुन्छ। कोभिड-१९ को महामारी रहेकै समयमा स्टोनियाका पर्यटकलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा माला र खादा पहिऱ्याएर स्वागत गर्दाको क्षण आफू निकै खुशी भएको उहाँको अनुभव छ। "आठ महिनापछि पहिलो पटक विदेशी पर्यटकलाई स्वागत गर्न पाउँदा म धेरै खुशी भएको छु। यसले हामीलाई उत्साह थपेको छ" व्यवसायी दाहालले सामाजिक सञ्जाल फेसबुकमा तस्वीरसहित पोष्ट गर्नुभएको छ। ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) का पूर्वअध्यक्षसमेत रहेका दाहालले स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने अहिलेको अवस्थामा पनि पर्यटक आउनुले पर्यटन क्षेत्रका लागि आशा र उत्साह जगाएको बताउनुभयो। हालको मापदण्डलाई केही खुकुलो बनाएको खण्डमा नेपालमा प्रशस्त विदेशी पर्यटक आउने उहाँको विश्वास छ।

अहिले अन्तरराष्ट्रिय उडान खुलेको र मापदण्ड पालना गरेर विदेशी आउने व्यवस्था मिलाइएको छ। नेपालमा पर्यटकीय गतिविधि पनि बढेको छ। गन्तव्यमा आन्तरिक पर्यटकको ओइरो लाग्ने गरेको छ भने थोरै सङ्ख्यामा विदेशी पर्यटक पनि पदयात्रा तथा पर्वतारोहणमा निस्किएका छन्।

"मापदण्डलाई सरल र सहज बनाइनुपर्छ, पिसिआर रिपोर्ट नेगेटिभ भएका पर्यटकलाई 'अनअराइभल' प्रवेशाज्ञा (भिषा) को व्यवस्था गरी तीन दिन होटल क्वारेन्टिनमा राखेर जान चाहेको गन्तव्यमा जान दिनुपर्छ", नेपाल इन्भायरोमेन्टल ट्रेक्स एण्ड एक्स्पिडिसन प्रालिका सञ्चालक दाहालले भन्नुभयो। पर्यटन व्यवसायी राजेन्द्रप्रसाद सापकोटा पनि क्वारेन्टिनको अहिलेको मापदण्डलाई खुकुलो बनाई यहाँ आएका विदेशी पर्यटकको ७२ घण्टापछि पिसिआर रिपोर्ट नेगेटिभ आएको खण्डमा उसले चाहेको गन्तव्यमा जान दिने हो भने पर्यटन क्षेत्रमा राम्रो सन्देश जाने बताउनुहुन्छ। "अहिले पातलो सङ्ख्यामा विदेशी पर्यटक आउन थालेका छन् यसले पर्यटन क्षेत्रमा आशाको सञ्चार भएको छ, हालको मापदण्डलाई सरलीकरण गर्नेतर्फ सरकारी निकायको ध्यान जान जरुरी छ", नेपाल पर्यटन बोर्डका पूर्व सञ्चालक समिति सदस्यसमेत रहेका सापकोटाले भन्नुभयो।

आउटडोर हिमालयन ट्रेक्स कम्पनी तथा पर्यटकस्तरीय दुई होटल सञ्चालन गर्नुभएका सापकोटाले अहिले दैनिक १० देखि २० जनासम्म पर्यटक आउने गरेको बताउनुभयो। महामारीकैबीच भदौ १६ देखि अन्तरराष्ट्रिय नियमित उडान तथा असोज ५ गतेदेखि आन्तरिक उडान शुरु भएसँगै आन्तरिक र बाह्य पर्यटकको चहल पहल बाक्लिएको छ। सरकारले कात्तिक १ देखि पदयात्रा र पर्वतारोहण पनि खुला गरेको थियो। होटल क्षेत्र पनि खुलिसकेको छ।

शरद ऋतुमा बाक्लो सङ्ख्यामा विदेशी आरोहण तथा पदयात्राका लागि नेपाल आएका छन्। पर्यटन विभागको विवरणमा शरद ऋतुको आरोहणमा हालसम्म विभिन्न हिमाल आरोहणका लागि सात आरोहण दललाई आरोहण अनुमति दिइएको छ। आरोहणबाट कूल रु ३३ लाख ७४ हजार ८२ रुपैयाँ राजस्व पनि सङ्कलन भएको छ।

विदेशी विशिष्ठ व्यक्तिको आरोहण

पछिल्लो पटक मङ्सिरदेखि प्रतिबन्धित पर्यटनका लगभग सबै क्षेत्र खुला गरिएको छ। महामारीकैबीच विदेशी विशिष्ठ व्यक्तिको हिमाल आरोहणले नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्व बजारमा गएको छ। धार्मिक क्षेत्र, सम्पदा तथा तीर्थस्थल पनि क्रमशः खुल्दैछन्। यसले पर्यटकीय गतिविधि बढेको छ। नेपालको पर्यटन छिट्टै पुरानै लयमा फर्कने सरकार तथा निजी क्षेत्रका व्यवसायीको विश्वास छ।

गत मङ्सिर २ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले अमादब्लम आरोहणमा आएको बेलायती आरोहण दलका सदस्यलाई आधार शिविरमै पुगेर हौसला प्रदान गर्नुभयो। यसअघि १४ पटक सगरमाथाको सफल आरोहण गरेका बेलायती क्यान्टन र उनको आरोहण दलका सदस्य अमादब्लम आरोहणमा निस्किएको हो। यसअघि कात्तिक २६ गते कतारका राजकुमार शेख मोहम्मद बिल अब्दुल्लाले मनास्लु हिमाल तथा बहराइनका राजकुमारको आरोही दलले अमादब्लम हिमाल चढेर नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर दिनुभएको महसुस नेपालको पर्यटन क्षेत्रले गर्न पाएको छ। यसलाई यस समयको अत्यन्तै महत्वपूर्ण सन्देशका रुपमा नेपालका पर्यटन व्यवसायीले लिएका छन्। त्यसअघि बहराइनका राजकुमार नासिर बिन हामिद अल खलिफासहितको रोयल फोर्सको आरोही दलले मनास्लु हिमाल आरोहण गरेर स्वदेश फर्किएको थियो।

स्वदेशी तथा विदेशीको आरोहणले पर्यटन क्षेत्रमा उत्साह जगाएको छ। कोभिड महामारीको अवस्थामा पनि स्वदेशी तथा विदेशी आरोहीको आरोहणले नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुग्ने विभागको पर्वतारोहण शाखा प्रमुख एवं निर्देशक मीरा आचार्यले बताउनुभयो। यी आरोहणले सन् २०२१ को वसन्त ऋतुको आरोहणका लागि आधार तयार भएको उहाँको भनाई छ।

नेपाल पर्वतारोहण सङ्घ (एनएमए) का पूर्व अध्यक्ष आङछिरिङ शेर्पाले पर्वतारोहण तथा पदयात्राका लागि अहिले केही सङ्ख यामा आएका पर्यटकले व्यवसायिलाई उत्साही बनाएको बताउनुभयो। उहाँले स्वास्थ्य सुरक्षा मापदण्डलाई केही खुकुलो बनाएर नेपाल प्रवेशमा सहजीकरण गर्नसके नेपालको पर्यटन क्षेत्र छिट्टै नै पुरानै लयमा फर्कने विश्वास व्यक्त गर्नुभयो।

नेपाल पर्यटन बोर्डका निर्देशक मणि लामिछानेले पर्यटनका प्रतिबन्धित क्षेत्र क्रमशः खुल्दै गएको र पर्यटकीय गतिविधि पनि बढेकाले नेपालको पर्यटन विस्तारै पुरानै लयमा फर्कने विश्वास व्यक्त गर्नुभयो। पछिल्ला असोज र कात्तिक महिनामा विदेशी पर्यटक पनि बाक्लै सङ्ख यामा आइरहेकाले पर्यटनका लागि आगामी दिन सुखद् रहने उहाँको भनाइ छ।

पर्यटक बढे

नेपालमा बन्दाबन्दी र प्रतिबन्धपछि करिब आठ महिनाको अवधिमा विदेशी पर्यटकको आवागमन लगभग शून्यप्रायः रह्यो तर बन्दाबन्दी शुरु भएयता कात्तिक महिनामा सर्वाधिक सङ्ख्यामा विदेशी पर्यटक नेपाल भित्रिएका छन्। अध्यागमन विभागको विवरणमा कात्तिक महिनामा मात्र दुई हजार ९०० विदेशी नागरिक नेपाल आएका छन्। उनीहरूमध्ये एक हजार ३७० पुरुष र ६३९ महिला हुन्। उक्त अवधिमा अमेरिकाबाट ४५५, बेलायतबाट ३२६ पर्यटक नेपाल आएका छन्। चीनबाट १६१, भारतबाट १२५, टर्कीबाट ८२ र रुसबाट ८१ जना पर्यटक नेपाल आएका छन्।

यसअघि साउन महिनामा १३७, भदौमा ४११ र असोजमा एक हजार १९१ विदेशी पर्यटक नेपाल आएको देखिन्छ। अहिले घुमफिर वा कुनै उद्देश्यका लागि नेपाल आउने विदेशी पर्यटकले सात दिन होटल क्वारिन्टन बस्नुपर्ने व्यवस्था छ। पिसिआर रिपोर्ट नेगेटिभ आएपछि मात्रै उनीहरू चाहेको गन्तव्य जान पाउछन्।

अहिले आएका पर्यटकमध्ये धेरै नेपालस्थित कूटनीतिक नियोगका कर्मचारी, विदेशी उच्चस्तरका पाहुना तथा संयुक्त राष्ट्रसङ्घ आबद्ध कर्मचारी धेरै छन्। पर्यटक बढे पनि बोर्डबाट अक्टोबर महिनामा ८० हाराहारीमा मात्रै प्रवेशाज्ञाका लागि सिफारिस गरिएको बोर्डका निर्देशक लामिछानेको भनाइ छ। उहाँले हालको सङ्कमणलाई कम गर्न बोर्डले सङ्कटका समयमा गरिएको सम्पर्क या सञ्चार 'क्राइसिस् कम्युनिकेशन टुल' को तयारी गरिरहेको जानकारी दिनुभयो।

पाँचतारे होटल पर्ख र हेरको अवस्थामै

महामारीबाट बढी प्रभावित बनेको होटल क्षेत्रमा अहिले पनि उत्साह छैन। साना तथा पर्यटकस्तरका होटल सञ्चालनमा रहेपनि पर्याप्त पाहुना छैनन्। ठूला पाँचतारे होटल पनि पुरै खुलिसकेका छैनन्। होटल खोल्दा खर्च बढ्ने तर व्यापार भने नहुने देखिएपछि अझै पनि व्यवसायी त्रासमै देखिन्छन्। कोरोना सङ्कमण दर बढिरहेकाले पनि विदेशी पर्यटकको सङ्ख्या बढ्न सकेको छैन।

सङ्ख्यामा कम भए पनि अहिलेको परिस्थितिमा पर्यटक आउनु नै खुशीको विषय भएको होटल एशोसिएसन अफ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहको भनाइ छ। उहाँका अनुसार दशैं तिहार र छठ पर्वका अवसरमा आन्तरिक पर्यटक बढेका छन्। पोखरा, चितवन, लुम्बिनीलगायत गन्तव्यका होटलमा राम्रो व्यापार भएको छ तर ठूला होटल पूर्णरुपमा सञ्चालनमा आउन सकेका छैनन्। महामारीबाट कसरी बच्ने भन्ने पनि ठूलो चुनौती रहेको छ। "हामी होटल जतिखेर पनि सञ्चालन गर्न सबैखाले तयारीमा छौं, तर पाहुना पर्यटक आउनुपऱ्यो व्यापार हुनुपर्ऱ्यो नत्र होटल खोलेर खर्च बढ्ने मात्रै हो। कतिपय खुलेका होटल तथा रेष्टुरेन्ट पनि कोरोना सङ्कमण बढेपछि बन्द गर्नुपर्ने अवस्थामा छन्। फेरि पनि हामी आशावादी छौं आगामी दिनमा पर्यटन क्षेत्र गतिशील हुनेछ", उपाध्यक्ष शाहले भन्नुभयो। हानमा आबद्ध पर्यटकस्तरदेखि पाँचतारे गरी देशभर तीन हजार हाराहारी होटल छन्।

आन्तरिक उडानमा उत्साह

महामारीबाट बढी प्रभावित बनेको मुलुकको हवाई क्षेत्र भने विस्तारै उकासिने क्रममा छ। महत्वपूर्ण चाडपर्व तथा पर्यटकीय याम भएकाले पनि अहिले आन्तरिक उडान उत्साहवर्द्धक छ। तिहारअघिसम्म एयरलाइन्सको करिब ९० प्रतिशत अकुपेन्सी रहेको थियो तर तिहारपछि एयरलाइन्सको व्यापार सुस्त रहेको वायुसेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले बताउनुभयो। अहिले हेलिकप्टरको व्यापार भने खस्केको छ। आन्तरिक उडानमा १० हेलिकप्टरसहित १९ वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्।

महामारीबाट अर्थतन्त्रका अन्य क्षेत्रभन्दा पर्यटन क्षेत्र बढी प्रभावित बनेको छ। नेपाल मात्र नभई संसारकै पर्यटन क्षेत्रमा यसको असर छ। संयुक्त राष्ट्रसङ्घ, विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ) ले पनि अघिल्लो वर्षको तुलनामा सन् २०२० मा विश्व पर्यटन बजार ६० प्रतिशत घट्ने प्रक्षेपण गरेको छ। नेपालमा सन् २०१९ को तुलनामा सन् २०२० मा करिब २० प्रतिशत मात्र विदेशी पर्यटक आउने अनुमान गरिएको छ। जुन अघिल्लो वर्षको तुलनामा ८० प्रतिशत गिरावट हो। नेपाल पर्यटन बोर्डले यो वर्ष करिब २० प्रतिशत मात्रै पर्यटक आउने आँकलन गरेको छ। सन् २०१९ मा ११ लाख ९७ हजार १९१ र सन् २०१८ मा ११ लाख ७३ हजार ७७ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए।

आपत्कालीन सेवा केन्द्र नहुँदा समस्या

दयाराम आचार्य / कावासोती

पन्ध्र दिनअघि मात्रै १६ वर्षकी एक बालिकालाई कावासोतीको चालीस किलो भन्ने जङ्गलमा राति ट्रकले ल्याएर छाड्यो। एकदमै विक्षिप्तावस्थामा उनलाई स्थानीयवासीले देखेर प्रहरीलाई खबर गरेपछि जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)को महिला सेलले ती बालिकालाई उद्धार गऱ्यो। ती बालिकालाई अब कहाँ कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता महिला सेललाई पऱ्यो। बालिकाका बारेमा बुझ्दै जाँदा उनको घरपरिवारको अवस्था एकदमै दयनीय रहेको पाइयो। बाबुले मादकपदार्थ सेवन गर्ने र आमाको अवस्था पनि त्यस्तै भई उनीहरू सडकमै आएको अवस्था पाइयो। बालिकाका बारेमा सोधखोज गर्दै गर्दाको तीन दिनसम्म उनलाई जिल्ला प्रहरी कार्यालयको महिला सेलको कार्यालय कोठामा नै राखियो। लामो समयसम्म त्यसरी राख्न सम्भव नहुने हुँदा बालिकालाई गैंडाकोटको एउटा संस्थामा समन्वय गरी राखियो।

गत असोज महिनामा कञ्चनपुरका दुई किशोरीलाई दुम्किवासबाट प्रहरीले उद्धार गऱ्यो। उनीहरू चितवनका दुई किशोरसँग चिनजान भएर घरबाट भागेर आएको भनी परिवारले स्थानीय प्रहरीमा उजूरी दिएको थियो। जाँचका क्रममा दुम्किवासमा बसमा सवार रहेकै अवस्थामा उनीहरूलाई प्रहरीले उद्धार गरी जिल्ला प्रहरी कार्यालयको महिला सेलको कार्यालय कोठामा राखियो। उनीहरू १९ वर्षका थिए। एक किशोरी महिनावारीसमेत भइन्,। फेर्ने कपडा भएन। प्याडका लागि उनीहरूसँग पैसा थिएन।

महिला सेलका प्रहरी आफैंले आफ्ने कपडा फेर्न दिए, प्याडको व्यवस्था गरिदिए। तीन दिनसम्म उनीहरू महिला सेलको कार्यालय रहेको सानो कोठाको भुइँमा म्याट बिछ्याएर सुते। उनीहरूका अभिभावकले लिन नआउने र कैलालीको महिला सेलसँग कुरा राख्दा पनि राख्ने ठाउँ छैन भन्ने जनाएपछि स्थानीय प्रहरीले अभिभावकलाई बल्लबल्ल सम्झाइबुझाई छोरीलाई लैजान भनेपछि मात्रै एक जना आफन्तले आएर लगे। यी त प्रतिनिधि घटना मात्रै हुन्। महिला तथा बालबालिकाका यीभन्दा पनि अझै दर्दनाक घटना महिला सेलमा आउँछन्। बलात्कारका घटनामा पनि पीडितलाई कतिपय अवस्थामा घरमा राख्ने वातावरण हुँदैन। परिस्थितिले जबर्जस्ती पीडितलाई घरमा वा कुनै आफन्तकहाँ राख्नुपर्ने बाध्यता महिला सेलका प्रहरीलाई आउँछ किनकि अरु कुनै विकल्प नै छैन। नवलपरासी (बर्दघाट सुस्तापूर्व) सुरक्षित आवासगृह (आपत्कालीन सेवा केन्द्र) नहुँदा महिला सेलका प्रहरीलाई समस्या भएको छ भने कतिपय पीडित महिला तथा बालबालिकाको सुरक्षामा पनि चुनौती हुने गरेको छ।

कतिपय पीडित महिला, किशोरी तथा बालबालिका उजूरी गरिसकेपछि आफ्ना घर अथवा माइतमा गएर बस्ने अवस्था नहुने हुँदा उनीहरूलाई केही समयका लागि आश्रय लिने ठाउँ चाहिने हुन्छ तर नवलपुरमा सेवा केन्द्र नहुँदा धेरै समस्या हुने गरेको जिल्ला प्रहरी कार्यालय नवलपुरका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक (महिला सेल) प्रमुख विन्दु विक बताउँछिन्।

'कतिपय हराएर भेटिएका बालबालिका, उद्धार गरिएका महिला र बालबालिकालाई कस्टडीमा राख्न पाइँदैन, कतिपय घरेलु हिंसाबाट पीडित, बलात्कारमा परेका, बेचबिखनमा परेका महिला उजूरी दिएपछि घरमै गएर अथवा माइतमा गएर बस्न सक्दैनन् उनीहरूको सुरक्षामा समेत चुनौती हुन्छ। त्यस्ता पीडित महिलालाई यहाँ आपत्कालीन सेवा केन्द्र नहुँदा धेरै समस्या हुने गरेको छ', विकले भनिन्, 'कहिले मानसिक रुपमा विक्षिप्त भएका महिला बालबालिका आउँछन्, कहिले घरेलु हिंसामा परेका, घरमा आफन्तकहाँ जान मान्दैनन्। प्रहरी कार्यालयमा छुट्टाछुट्टै कोठा छैन। महिला सेलको कार्यालयमा पनि सानो कोठा छ। नयाँ जिल्ला भएकाले भौतिक व्यवस्थापन हुन सकेको छैन, संरचना छैन, हामीलाई यस्ता घटनामा साह्रै गाह्रो भएको छ।'

अहिले बेचबिखनमा परेका, उद्धार गरिएका महिला तथा बालबालिकालाई माइती नेपाल शाखा चितवन तथा अन्य उद्धार गरिएका र हिंसामा परेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकलाई चितवनको मानवसेवा आश्रममा पठाउने गरिएको विकले बताइन्। प्रक्रिया पूरा गर्दागर्दै पनि दुईचार दिन लाग्ने हुँदा त्यस समयमा उनीहरूलाई राख्न र व्यवस्थापन गर्न निकै समस्या र चुनौती रहेको उनी बताउँछिन्। अहिले महिला सेलको कार्यालय कोठामा फोल्डिङ बेड राखेर एक जना भए त्यसैमा सुताउने र धेरै भए म्याट बिछ्याएर भुइँमै सुताउने गरिएको विकले बताइन्। त्यस्ता महिला, बालबालिका र ज्येष्ठ नागरिकको उपचार, लत्ताकपडा र अन्य आवश्यक सामग्रीका लागि विभिन्न व्यक्तिसँग सहयोग मागेर व्यवस्थापन गरिरहेको उनले बताइन्। 'यदि यहाँ (आपत्कालीन सेवा केन्द्र) भएको भए खान बस्नको कुनै समस्या हुने थिएन। कर्मचारी हुन्थे, उनीहरूले सबै हेरचाह गर्थे, हामीले त कार्यालयमा राख्दा आफ्नो ड्युटी पनि पूरा गर्नुपर्छ, उनीहरूको हेरचाहका लागि समय हुँदैन। सधैं भीडभाड हुने ठाउँ गोपनीयता खुल्छ कि भनेर पनि डराउनुपर्छ, विकले भनिन्।

जिल्ला प्रहरी कार्यालय कावासोती नगरपालिकामा रहेको हुँदा कावासोतीमै एउटा केन्द्र स्थापना गर्न जरुरी रहेको उनको भनाइ छ। यहाँका स्थानीय तह तथामहिलाका क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाले पहल गरेर एउटा सेवा केन्द्र तत्काल सञ्चालन गर्नुपर्ने आवश्यकता उनी औल्याइन्।

लागुऔषध सेवनमा फस्दै बालबालिका

टीकापुर / रासस

विद्यालय पढ्ने उमेरका कतिपय विद्यार्थी नै कुलतमा परी लागुऔषध सेवन गर्ने गरेका छन्। लकडाउनपछि लामो समयदेखि विद्यालय बन्द रहँदा विद्यार्थी यस्ता कुलतमा फस्ने जोखिम झन् बढेको छ। कैलालीको जनता राष्ट्रिय माबि सोनाहफाँटाका शिक्षक कृष्ण चौधरीले लागुऔषधको कुलतमा लागेकै कारण कतिपय विद्यार्थीले बीचमै पढाइ छाड्ने गरेको बताउँछन्। 'हाम्रो आसपासका विद्यालयमा हरेक वर्ष आठ/दश बालबालिका लागुऔषधमा फसेकै कारण विद्यालय छोड्छन्', शिक्षक चौधरी भन्छन्, 'विद्यालय बन्द भएको आठ महिना भयो। विद्यार्थी फुर्सदिला भएका छन्। अझ गलत सङ्गतमा फस्ने जोखिम बढेको छ।'

नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरो काठमाडौंको तथ्याङ्कमा पोहोर अर्थात् २०७६ सालमा १९ वर्षमुनिका लागुऔषध सेवनकर्ता २१ प्रतिशत छन्। विसं २०७६ मा सबै उमेरका नेपालभर एक लाख ३० हजार ४२४ लागुऔषध प्रयोगकर्ता रहेका छन्। तीमध्ये पुरुषको संख्या एक लाख २२ हजार छ भने महिला झण्डै नौ हजार छन्।

लागुऔषधका रूपमा गाँजा, अफिम, सुँघ्ने र उत्तेजना दिने पदार्थको प्रयोग हुने प्रहरीले जनाएको छ। सबैभन्दा बढी गाँजा र त्यसले बनेका लागू पदार्थको प्रयोग भइरहेको छ। साथीको दबाब, मनोरञ्जन, तनावजस्ता कारणले पनि लागुऔषध प्रयोगकर्ता बढेका लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वर काठमाडौंका प्रहरी उपरीक्षक कृष्णकुमार महत बताउँछन्। 'बालबालिका गलत सङ्गतका कारण बढी कुलतमा फसेको देखिन्छ', उनी भन्छन्, 'बालबालिकालाई जोगाउने बढी दायित्व अभिभावककै हुन्छ। किशोरावस्थाका नानीबाबुको आनीबानीको निगरानी आवश्यक छ।' शिक्षा विकास तथा समन्वय एकाइ कैलालीको तथ्याङ्कमा विसं २०७४/७५ मा विद्यालय छोड्ने विद्यार्थी चार प्रतिशत छन्। यद्यपि लागुऔषधकै कारण पढाइ प्रभावित हुने विद्यार्थीको संख्या कति छ भन्ने तथ्याङ्क एकाइसँग छैन।

बालबालिका तथा किशोरकिशोरीलाई कुलतबाट जोगाउन कैलालीको टीकापुर नगरपालिकाले वडामा चेतनामूलक कार्यक्रम र विद्यार्थीलाई प्रशिक्षण दिइरहेको वडा नं ७ का वडाध्यक्ष रामलाल डगौरा थारू बताउँछन्। 'हामीले प्रहरीसँगको साझेदारीमा विद्यालय र बस्तीस्तरमा लागुऔषधका असरबारे जानकारी दिने गरिरहेका छौं', उनी भन्छन्, 'कुलत सेवनको असर समाजमा हुने आपराधिक गतिविधिसँग समेत जोडिने भएकाले यसलाई रोक्न जिम्मेवार भएर लागेका छौं तर लकडाउनपछि गाउँमै गएर कार्यक्रम गर्न सकिएको छैन।'

टीकापुर बहुमुखी क्याम्पसका मनोविज्ञान विषयका उपप्राध्यापक नाथुराम चौधरी लागुऔषध प्रयोग घटाउन सीमा नाकामा जाँच बढाउने, लागुऔषधको प्रयोगबाट हुने हानी नोक्सानीबारे चेतना फैलाउने, कानूनको कडा कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको बताउँछन्। 'बालबालिकालाई माया देखाएर सही बाटोमा हिँडाउन अभिभावकले समय दिनुपर्छ', उपप्राध्यापक चौधरी भन्छन्, 'बालबालिकाले अभिभावकको साथ नपाएर पनि बिग्रिएका भेटिन्छन्, सन्तानलाई सही बाटो देखाउन चुक्न हुँदैन, एउटा बच्चा बिग्रिए समाज बिग्रन्छ।' कुलतले बालबालिकालाई शारीरिक, मानसिकरूपमा मात्र कमजोर नबनाएर पारिवारिक कलह पनि बढाउने गर्छ। यसरी गलत सङ्गत वा गलत बाटोमा लागेका बालबालिकालाई 'रिह्याब सेन्टर' अर्थात् पुनःस्थापना केन्द्रमा राख्न सकिन्छ। कैलालीको टीकापुरमा मात्र चारवटा पुनःस्थापना केन्द्र छन्। यसले पनि समाजमा लागुऔषध प्रयोग बढ्दो छ भन्ने देखाउँछ। टीकापुरका पुनःस्थापना केन्द्रमा विद्यालयमा पढ्ने उमेरका विद्यार्थी पनि छन्।

टीकापुरका एक अभिभावक समय दिन नपाउँदा आफ्नो छोरा कुलतमा फसेको बताउँछन्। 'म दिनभरि ज्यालादारी काम गर्थें, १६ वर्षमै कुलतमा फस्यो, रातिराति घर आउँथ्यो, मैले सुधार्न सकिनँ', उनले भने, 'पछि चार महिना सुधार केन्द्रमा राखें, अहिले छोरा सुधिएको छ। मैले ज्यालादारी छाडेर आमाछोरा मिलेर नास्ता पसल खोलेका छौं। छोराछोरी आमाबाबुको समय खोज्दा रहेछन्।'

"सडक बालबालिकामुक्त राष्ट्र" अभियान

काठमाडौं / रासस

सरकारको 'सडक बालबालिकामुक्त राष्ट्र' अभियानअन्तर्गत चालू आर्थिक वर्षको हालसम्मको अवधिमा ५७४ बालबालिकाको उद्धार गरिएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकालाई सडकमा नआउने वातावरण सिर्जना गर्न पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बाल अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापनसम्बन्धी कार्यक्रमलाई तीव्रता दिएको हो। कूल संख्यामध्ये बालक ४६५ र बालिका १०९ जनाको उद्धार गरी व्यवस्थापन गरिएको छ।

राष्ट्रिय बालदिवस, २०७७ का अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले यस आर्थिक वर्षभित्र नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने नीति लिइएको सन्देश दिएको थियो। राष्ट्रिय बालअधिकार परिषद्को संयोजन र प्राविधिक सहयोगमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं १०४) एवं प्रदेश सरकार, स्थानीय तह, संघसंस्थाको सहकार्यमा काठमाडौं उपत्यकालगायत विभिन्न प्रदेशबाट ती बालबालिकाको उद्धार गरिएको हो।

परिषद्ले प्रकाशन गरेको 'नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७' मा उद्धार गरिएकामध्ये भारतबाट आएका बालबालिका ३० जना रहेका छन्। उद्धार गरिएका कूल बालबालिकामध्ये हाल सम्पर्क गृहमा रहेका २५५, सामाजिकीकरण केन्द्रमा रहेका ९९, विभिन्न बालगृहमा संरक्षणमा रहेका ५०, पारिवारिक पुनःकीकरण भएका ८१०, विभिन्न तालिममा पठाइएका १८४ र तालिम पूरा गरी काममा सम्लग्न रहेका ५९ जना रहेका छन्।

आर्थिक वर्ष २०७५/०७६ मा हराएका बालबालिकाको सङ्ख्या ३,४२२ जना (बालक १,०५१ र बालिका २,३७१) रहेकामध्ये २,५४० जना (बालक, ८२५ र बालिका, १,७१५) फेला परेका थिए। आर्थिक वर्ष २०७६/०७७ मा हराएर जानकारीमा आएकाको सङ्ख्या २,७२९ जना छ। तीमध्ये दुई हजार २१९ जना बालबालिका फेला परेका छन्। यसमध्ये १४३५ बालबालिको उद्धार व्यवस्थापन भइसकेको छ।

बालअधिकार महासन्धि, १९८९ अनुसार कुनै पनि बालबालिकालाई आमाबाबुबाट अलग राख्न नहुने अथवा बालबालिकाको सर्वोत्तम हितको विपरितबाहेक बाबुआमासँगै बस्ने अधिकार हुन्छ। बालबालिका विरुद्ध हुनसक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार, हेला वा उपेक्षा वा यौनदुराचारलगायतका शोषणबाट बालबालिकालाई जोगाउन तथा पीडितको उपचारका लागि राज्यले उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपाय अपनाउनुपर्ने प्रतिवेदनमा जनाइएको छ।

नेकपा चितवनबाट छानबिन माग

चितवन / रासस

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) चितवनले पूर्वी चितवनको राप्ती नगरपालिकामा शनिबार भएको घटनाप्रति खेद व्यक्त गरेको छ। पार्टीले आईतवार जारी गरेको विज्ञप्तिमा स्थायी कमिटी सदस्य एवं चितवन क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सुरेन्द्रप्रसाद पाण्डे उपस्थित कार्यक्रममा होहल्ला भएको घटनाको छानबिन गर्न माग गरिएको छ।

पार्टी अध्यक्ष यमबहादुर परियार र सचिव कृष्णभक्त पोखरेलले हस्ताक्षर गरेको विज्ञप्तिमा राप्ती नगर कमिटीको तेस्रो बैठकमा पाण्डेले सम्बोधन गरिरहेका अवस्थामा कमिटीमा नै नरहेका बाहिरबाट आएका व्यक्तिले होहल्ला गरी बैठक बिथोल्न खोजेको जनाइएको छ। विज्ञप्तिमा भनिएको छ, 'पार्टी नगर कमिटीको औपचारिक बैठक बसिरहेको अवस्थामा र राप्ती नगरभित्रको विकास निर्माणसम्बन्धी छलफलमा गरिएको अभद्र व्यवहारप्रति जिल्ला कमिटी खेद व्यक्त गर्दछ।'

सम्पादकीय...

खोटा चलन सञ्जाल नष्ट गरियोस्

सिरहाको गोलबजारमा कात्तिक अन्तिम साता नक्कली रुपैयाा छाप्ने मेसिन र छापिएका नक्कली नोटसहित ३ जनालाई पक्राउ गर्न सिरहा प्रहरीले सफलता प्राप्त गऱ्यो । कुकुरलाई झटारो हान्दा ढुकुर मऱ्यो भने झैं भयो । प्रहरी लागू औषध दुर्व्यसनी खोज्दै पुगेको थियो । नक्कली नोट छाप्ने टक्सार नै फेला पऱ्यो । प्रहरीले नियन्त्रणमा लिएको तीन जनासाग बयान लिने क्रम जारी छ । प्रहरीको अनुसन्धानबाट थप एक जना पक्राउ परेको छ । पछि पक्राउ परेका व्यक्तिले करिव तीन लाख नक्कली नोट बजारमा साटेर खर्च गरेको बताए । पछिल्लो खुलासाले गोलबजार लगायत वरपरका बजारमा डर त्रास फैलिएको छ ।

अर्थ शासत्रमा एउटा भनाइ चर्चित छ । 'नक्कली नोटले असली नोटलाई चलनभन्दा बाहिर पारिदिन्छ ।' किनभने जसको हातमा नक्कली नोट पर्छ उसले असली घरमा राखेर पहिले नक्कली नोट साट्न खोज्छ । क्रमश नगद कारोबारको बजार नक्कली मुद्राले भरिन्छ । अहिले गोलबजारमा यस्तै हुन लागेको छ । धमाधम नक्कली हजारका नोट फेला पर्न थालेको छ । गोलबजारमा पक्राउ परेका व्यक्तिहरूबाट ६ लाख ८४ हजार नक्कली नोट बरामद भएको थियो । पछिल्लो पटक पक्राउ पर्ने व्यक्तिले तीन लाख नक्कली नोट बजारमा प्रवाह गराएको बयान दिएका छन् । गोलबजारमा यतिबेला नक्कली नोटले असली नोटलाई चलन बाहिर पारिदिने डर उत्पन्न भएको छ ।

प्रहरी अनुसन्धानबाट रौतहटमा नक्कली नोट छाप्ने गिरोह र गोलबजारको गिरोहबीच समन्वय र सहकार्य रहेको खुलेको छ । यसअघि गोलबजारमा सकृय खोटा टक छाप्ने गिरोहले रौतहटमा छापिएको नक्कली नोट बजारमा चलनमा ल्याउने कार्य गरिरहेको खुलासा भएको छ । यो तथ्य झन् डरलाग्दो छ । खोटा टक्सार सञ्चालन गर्ने सञ्जाल प्रदेश २ मा पूरै फैलिएको भान हुन्छ । गोलबजारदेखि रौतहटसम्मका बैंक र वित्तीय संस्थाहरूमा नक्कली नोट सटही गरेर ठूलो परिमाणमा खोटा चलन चलाइएको हुन सक्छ । यसले गर्दा सर्वसाधारणको घरघरमा नक्कली नोट पुगेको हुन सक्छ । अपराधीको यो सञ्जालले समुच्चा अर्थतन्त्रमाथि प्रहार गर्न सक्छ ।

खोटा टक्सार सञ्चालन गर्नेहरूको ठूलो राष्ट्रिय अन्तराष्ट्रिय गिरोहसाग साठगाठ हुन सक्छ । नक्कली नोट छाप्नेहरूबाट बरामद भएको नोट छाप्ने कागजको गुणस्तर अपत्यारीलो छ । हत्तपत्त बजारमा त्यस्तो कागज र मेसिन पाइदैन । सामान्य कम्प्यूटर चलाउनेले त्यति राम्रो गुणस्तरको ग्राफिक्स गर्न सक्दैनन् । खोटा चलनका गिरोहका तालिम दिनेहरू निकै पेशेवर अपराधी हुन सक्छन् । प्रहरीले अनुसन्धानको दायरालाई गहन बनाउनु पर्छ । खोटा टक चलनमा संलग्न सबैलाई कानूनको कठघरामा ल्याउन सक्नु पर्छ । अन्यथा अर्थतन्त्रको ढाड सेकिने छ । समाजमा नक्कली नोटले असली नोटलाई चलनभन्दा बाहिर धकेल्ने छ।

एमसिसी पास गराउन नेकपामा बिभाजन

सन्तोष यादव

नेपाल कम्युनिष्ट पार्टी नेकपा लगभग चिरा लाग्ने अवस्थामा पुगेको छ । प्रधानमन्त्रीसहितका पार्टी अध्यक्षले अर्का कार्यकारी अध्यक्षले बाँडेको राजनीतिक प्रतिवेदनलाई झुठा लाञ्छनाका पुलिन्दा भने पनि पार्टी बैठकमा छलफल गर्ने भनेपछि पार्टी भताभुंग पार्ने म्याद अलि पर धकेलिएको थियो । तर मंगलबार चितवनमा सुरेन्द्र पाण्डेमाथि ओली पक्षधर कार्यकर्ताहरूले हुलहुज्जत गरे । हुर्मत लिने शैलीमा आफ्नै पार्टी भित्रका विपक्षी कार्यकर्ता आइलागेपछि नेता पाण्डे इज्जत बचाउने कोसिशमा बाहिरिए ।

पाण्डेमाथि भएको व्यवहारलाई किमार्थ सहन नसकिने दुर्व्यवहार भन्दै ओली इतर पक्ष वक्तव्यमार्फत प्रतिवादमा उत्रिएका छन् । पार्टी भित्रको झगडा सुलह हुन्छ की भन्ने आशा गर्नेहरू अब निराश हुँदैछन् । वीरगंजमा भएको एक कार्यकर्ताको हत्या र चितवनको घटनाले हिंसात्मक झडपहरू अझै बाक्लिन सक्ने लख काटिदैछ ।

सतहमा नेकपा फुटको कारण ओलीको दम्भ र प्रचण्ड तथा माधव नेपाल गुटको प्रतिकार जस्तो देखिए पनि भित्री कारण भने बेग्लै छ । माधव नेपाल र प्रचण्ड गुट चीनको रोड एण्ड बेल्ट इनिसियटिभको पक्षमा छन् । आरबिआई को नामबाट परिचित चीनियाँ योजना लागू गर्ने पक्षमा छन् । तर यो गुट अमेरिकन एमसिसी संसदबाट हुबहु पास गर्ने पक्षमा छैनन् । जबकी प्रधानमन्त्री ओली गुट एमसिसी जस्ताको त्यस्तै पास गर्ने पक्षमा छन् । अहिले नेकपामा विभाजन हुन लागेको मुख्य कारण नै आरबिआई र एमसिसी प्रतिको गुटगत समर्थन र विरोध हो ।

नेकपा एकता प्रकृयाबाट खडरगै तर्सिएका विदेशी शक्तिहरू यतिबेला नेकपाको फुट भाँडिन नदिन सकृयतापूर्वक लागेका छन् । नेकपाको दुई तिहाई शक्ति अमेरिकी एमसिसी र चीनियाँ आरबिआई संसदबाट पास गर्न काम लाग्ने भनेर यतिञ्जेल विदेशी शक्तिले सहन गरेका थिए । तर अब एमसिसी पास नहुने देखेर नेकपालाई तोडेर अन्य शक्तिसंग एक गराउने र एमसिसी पास गराउने षडयन्त्रमा लागेका छन् ।

फुट भाँड्ने र पार्टी एकताका पक्षमा उभिनेहरू भन्दा फुट भाँडिन नदिने विग्रह चाहने विदेशी शक्तिहरू बलिया छन् । एमसिसी जस्ताको त्यस्तै पास गर्न नेकपा राजी हुँदा पार्टी एकता कायम रहन सक्छ । अन्यथा पार्टी विभाजन गराएर भए पनि एमसिसी पास गराउने दाउमा छन् विदेशी शक्ति । आरबिआईका पक्षधर शक्ति पनि कुटनीतिक दौडधुप गरिरहेका छन् । तर नेकपाको भविष्य अब पूर्णतया एमसिसीको भविष्यसँग गाँसिएको छ ।

नेकपा भित्रको अन्तरसंघर्ष : अराजक होईन अनुशासित हुन जरुरी

प्रेमलकुमार खनाल

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य तथा पूर्व अर्थमन्त्री सुरेन्द्र पाण्डे माथि चितवन जिल्लामा पार्टीको औपचारिक कार्यक्रममा सहभागी भई रहेको बेला पार्टीका एक पक्षका कार्यकर्ताले आक्रमण र होहल्ला गरेर नाराबाजी गरेका छन् । पार्टी भित्रका विवाद समाधानका बारेमा कार्यदलले दिएको सुझाव र भदौ २८ मा पार्टी स्थायी कमिटीले गरेको निर्णयबारे पार्टी कार्यकर्तालाई अवगत गराउँदै गरेको अवस्थामा पार्टी सम्बद्ध केही कार्यकर्ताले कार्यक्रम भईरहेको हलमा आक्रमण गरेको भिडियो नै सामाजिक संजालबाट देखियो । र त्यो भीडले " केपी ओली जिन्दावाद" तथा " जबज जिन्दावाद" भन्दै नारावाजी गरेर कार्यक्रम भाडने काम गऱ्यो । यसरी पार्टी भित्रका विवादको अन्तरवस्तु र समाधानका उपायका बारेमा कार्यकर्तालाई वताउदै गरेको अवस्थामा यस्तो अराजक गतिविधि हुनु गराइनु निश्चितरूपमा दुःखद र निन्दनीय घटना हो । यो घटना माथिल्लो शक्तिको आडमा भएको सहजै देखिन्छ । अघिल्लो हप्ता पनि वीरगन्जमा पार्टीको जिल्ला कमिटी सदस्यको पनि कार्यक्रम स्थलमा यस्तै किसिमका मानिसले भौतिक आक्रमण गरेर हत्या भएको थियो । तर सरकारका उच्च तहका व्यक्तिबाट यत्रो जघन्य हत्या हुँदा दोषी व्यक्तिलाई तत्काल गिरफ्तार गरि कारवाही गर्न थाल्नु पर्नेमा उजुरी समेत लिन स्थानीय प्रशासनले इन्कार गरेको थियो । पार्टी कार्यकर्ताको ४ र ५ दिनको दबाव र धर्ना पश्चात् मात्रै उजुरी लिन बाध्य भएको अवस्था छ, तर अझै दोषी व्यक्तिहरू कारवाहीको दायरामा आएका छैनन् ।

नेकपा भित्र पार्टी र सरकार संचालनका विषयमा , पार्टीको नीति विपरीत सरकारले गरेका काम कारवाहीका बारेमा , पार्टीलाई नीति र विधिबाट संचालन गर्ने बारेमा पार्टी भित्र बहस र विवाद भएको छ । यसलाई पार्टीको पद्धति अनुरुप समाधानका लागि तल्लो तहदेखि नेता कार्यकर्ताको माग र दबाव बढी रहेको छ । यस्तो अवस्थामा पार्टी अध्यक्ष तथा प्रधानमन्त्रीको पक्षमा समर्थन गर्दै नारावाजी गर्ने र अराजक , एवं उच्छृङ्खल गतिविधिमा तल/तल कार्यकर्ता उत्रने कुराले पार्टी भित्रका समस्या समाधान हुनको सट्टामा झन् अराजकतातर्फ जाने स्थिति देखिएको छ । यसवारेमा पार्टीको शिर्ष नेतृत्वले गम्भीरतापूर्वक लिएर अन्तरसंघर्षलाई अराजक तवरले होईन अनुशासित तवरले , पार्टीले अवलम्बन गरेको लेनिनवादी पद्धतिबाट संचालन गरेर पार्टी भित्र एकमना एकता कायम गर्न ध्यान दिन जरुरी छ ।

नेकपा भित्र वहस र बिवाद केहो ?

अध्यादेश प्रकरण बाट एक पछि अर्को गर्दै उत्पन्न भएको समस्या , बहस र विवादलाई गत भदौ २६ मा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको स्थायी कमिटीको बैठकले टुंगोमा पुऱ्याएको थियो । बैठकले पार्टी एकता,कोरोना नियन्त्रण , पार्टी र सरकारवीचको सम्बन्ध , पार्टीको महाधिवेशनको तयारी, संसदीय दलको भूमिकालाई प्रभावकारी बनाउने , संघीय सरकार र प्रदेश सरकारमा आवश्यकता अनुसार पुनर्गठन गर्ने तथा दुई अध्यक्षमध्ये एकले कार्यकारी अधिकारसहित पार्टी काममा केन्द्रीत हुने र अर्को अध्यक्षले पार्टीसंग समन्वय गरेर सरकारको काममा केन्द्रीत हुने तथा सीमा अतिक्रमणका वारेमा उच्चस्तरमा राजनीतिक एवं कुटनीतिक वार्तालाई शीघ्र अगाडि बढाउने तथा एमसीसी संभौतालाई राष्ट्रियहितमा सुनिश्चित गर्न अमेरिकी सरकारसंग सरकारले सुधार गर्न पहल गर्ने निर्देशीत गरेको थियो ।

पार्टीको जानकारी विना नियुक्ति र 'रअ' प्रमुख संगको भेटघाट :

स्थायी कमिटीको बैठकले गरेका निर्णयहरू केन्द्रीय सचिवालयको बाक्लो बैठक बसेर कार्यान्वयन गर्नको सट्टामा पार्टी भित्र छलफल र सहमति विना मन्त्रीहरू र राजदूत नियुक्ति भए । स्थायी समितिको बैठकको निर्णय विपरीत आफुखुशी एकलौटी रुपमा प्रधानमन्त्रीले आफू निकटका व्यक्तिहरूलाई नियुक्ति गर्नुभएको छ । यस्तै पार्टी स्थायी समितिको निर्णय विपरीत कर्णाली प्रदेश सरकारका मुख्य मन्त्रीविरुद्ध प्रस्तुत गरिएको अविश्वास प्रस्ताव र पार्टीमा छलफल विना सरकारबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सट्टामा "नेपाल" मात्र सरकारी प्रयोजनमा लेख्ने निर्णय, भारतले सीमा अतिक्रमण गरेर नेपाल भारतवीचको सम्बन्धमा दरार उत्पन्न भएको वेला पार्टीको जानकारी र पार्टी भित्र छलफल परामर्श नगरीकन भारतीय गुप्तचर एजेन्सीका प्रमुखसंग प्रधानमन्त्रीले गरेको भेटघाटले विवाद उत्पन्न गरेको छ ।

पार्टी एकतामा आाच पुग्ने गुटगत गतिविधि :

यसैगरी गुटबन्दी बढाउने कुनै पनि संस्थाका गतिविधि नगर्ने पार्टीको निर्णय विपरीत पार्टीका नेताहरूको उपस्थितिमा मदन भण्डारी फाउन्डेसन लगायत स्पोर्ट एकेडेमीको व्यानरमा विभिन्न कार्यक्रम गरेर पूर्व एमालेहरूको छुट्टाछुट्टै भेला गर्ने र भेलामा पूर्व एमालेले अवलम्बन गरको जनताको बहुदलीय जनवाद (जबज) को औचित्यताबारे चर्चा गरेर पूर्व एमालेहरू र जबजका अनुयायीहरू एक हुनुपर्ने भनेर विचार व्यक्त गरेका विषयले पार्टी भित्र विवाद उत्पन्न गर्न थप मद्दत पुऱ्याएको देखिन्छ । पार्टीको न्युनतम कार्यक्रम समाजवाद उन्मुख जनताको जनवादको पक्षपोषण, व्याख्या विश्लेषण गरेर सिंगो पार्टी पंक्तिलाई प्रशिक्षित गर्न पर्नेमा पार्टी एकता गर्दा नै छोडीसकेको जबजको विषयलाई अहिले आएर जबजको प्रचार गर्नुँले कतै जबजको त्याग सत्ता चढने भऱ्याङ्ग त थिएन ? भन्ने आशंका संगै यो यथास्थितिवाद र अवसरवादको उपज भएको अहिले आम चर्चाको विषय बनेको छ ।

नियमित बैठक बोलाउन उदाशीनता:

पार्टीसंग समन्वय ,छलफल नगरी सरकारबाट गरिएका एक पछि अर्को काम र निर्णयबाट समस्या उत्पन्न भएको छ । पार्टी भित्र बैठक बसेर आपसी छलफल गरेर समाधान गर्न अनुरोध गरिंदा अध्यक्ष तथा प्रधानमन्त्रीको गरिमामय पदमा रहने व्यक्तिबाट नै कमिटीका सदस्यहरूलाई सडकछाप , हुल्लडबाज र अराजकता वादी भन्दै बहुमतको निर्णय नमान्ने , आफ्ना विरुद्ध केही निर्णय भए "बोल्ड" कदम चाल्ने अभिव्यक्तिले नेकपा भित्र गम्भीर समस्या उत्पन्न गराएको छ । स्थायी कमिटीको बैठकले गरेको निर्णय कार्यान्वयन नै नगरिए पछि लामो प्रयत्नबाट ४० दिन पछि सचिवालयका पाँच जना सदस्यले सचिवालयको बैठक बस्न अध्यक्ष तथा प्रधानमन्त्रीलाई भेटेर नै पत्र लेखेपछि २८ गते सचिवालयको बैठक शुरुआत भएको छ । बैठकमा कार्यकारी अध्यक्षले पार्टी र सरकार संचालनमा देखापरेका समस्यालाई छलफलका लागि प्रस्ताव पेश गरेका छन् । तर सचिवालयमा छलफलका लागि विषय प्रवेशभई सकेको प्रस्तावलाई सचिवालय वाहिरबाट यो प्रस्ताव फिर्ता लिनुपर्ने अन्यथा पार्टी एकता भंग हुने भनेर कतिपय नेताहरूका भनाइ छयापछ्याप्ती रुपमा सार्वजनिक भएका छन् ।

साम्राज्यवादीहरूको चालबाजी :

यतिबेला देशी विदेशी प्रतिक्रियावादी शक्तिहरू नेकपाले दुई तिहाइको जनमतका साथ सरकार संचालन गरेको सहन गरिरहेका छैनन् । देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूले नेकपा भित्र जे जसरी पनि विवाद उत्पन्न गराउन पर्दा पछाडिबाट भूमिका खेलीरहेका छन् । यसको पछिल्लो कडीको रुपमा एमसीसी संभौतालाई लिन सकिन्छ ।

साम्राज्यवादी एवं पूंजीवादीहरूले सहयोग र अनुदानका नाममा एमसीसी जस्तो राष्ट्रिय हित र राष्ट्रिय सुरक्षामा गम्भीर आँच पुग्ने खालको संभौता गराएका छन् । अनि यस्तो राष्ट्रघाती संभौतालाई अनुमोदन गराउनको लागि वामपन्थी सरकारले नै अगाडि सारे पछि यो विषयलाई लिएर नेकपा भित्र वहस र विवाद हुनु स्वभाविक छ । पार्टी भित्र नै विशेषत: सरकारमा गएका कतिपय व्यक्तिले ठीक छ भनेर एमसीसीको पक्षमा पैरवी गरेका छन् । तर पार्टीमा एमसीसी सम्बन्धि अध्ययन कार्यदलले दिएको सुझाव अनुसार यो संभौता सुधार गर्न गराउन सरकारले ध्यान दिएको छैन । विगतमा विवादित महाकाली संभौताबाट जसरी तत्कालीन नेकपा एमालेमा बहस ,विवाद र विभाजन भएको थियो , अब नेकपा भित्र पनि विगतमा महाकाली सन्धि झै यो एमसीसीको विषयलाई लिएर थप विवाद त हुने होइन ? पार्टी पंक्ति हुँदै जनमानसमा थप आशंका उत्पन्न गराईदिएको छ । स्थायी कमिटीको बैठकले दुई महिना अगाडि नै एमसीसी सुधार गर्न सरकारलाई निर्देशित गरेको थियो । तर सरकारले एमसीसीवारे राष्ट्रिय हित र सुरक्षामा सुनिश्चित हुने गरि सुधार गर्न अझैसम्म पहल नगरिएका कारण पनि नेकपा भित्र यो विषयमा पनि विवाद झन गहिरिएर गएको छ ।

द्वय अध्यक्ष प्रणालीमा अधिकारको विषयले द्विविधा :

यस्तै दुई पार्टीको एकताले द्वय अध्यक्ष प्रणालीको व्यवस्था गर्नका साथै पाँच वर्षको सरकारको नेतृत्व आलोपालो गर्ने संभौता भएको थियो । तर गत मंसिरको बैठकले अध्यक्ष केपी शर्मा ओलीले पाँच वर्षको पूरै अवधि सरकारको नेतृत्व गर्ने र कार्यकारी अध्यक्षको हैसियतले अध्यक्ष पुष्पकमल दाहालले पार्टीको काम गर्ने भनिए पनि अध्यक्ष केपी शर्मा ओलीको सहमति वेगर पार्टीको बैठक नै बस्न नसक्ने र पार्टीका कुनै पनि गतिविधि कार्यकारी भनिएका अध्यक्ष पुष्पकमल दाहाल एक्लैले गर्न पार्टीका काम अगाडि बढाउन नसक्ने र नपाउने स्थितिले नै कार्यकारी अध्यक्षको निर्णय औचित्यहीन देखिएको छ । र यसले नेकपा भित्र थप समस्या र विवाद उत्पन्न गरेको छ । दुई अध्यक्षको सहमति र छलफल बाट मात्रै पार्टीको बैठक बस्ने , एजेन्डा तय हुने , माईन्युटलेखनमा हस्ताक्षर गर्ने , संयुक्त हस्ताक्षरबाट मात्रै अन्तरपार्टी निर्देशन (अपानि) र अन्य पत्राचार हुने विधानको व्यवस्था यथावत राखेर स्थायी कमिटीले दुई अध्यक्षकावीचको भूमिका वारे जुन निर्णय गऱ्यो त्यो नै विधान सम्मत भएको थिएन । केन्द्रीय कमिटी वा स्थायी कमिटीले अध्यक्ष द्वयको भूमिका वारे नयाँ निर्णय गरे पछि विधानमा पनि कार्यकारी अध्यक्षको काम कर्तव्य अधिकार र अध्यक्ष तथा प्रधानमन्त्रीको काम कर्तव्य र अधिकारको थप स्पष्ट नयाँ व्यवस्था हुन पर्दथ्यो ।

त्यसो नहुँदा अहिले एक जना अध्यक्षले नचाहँदा पार्टीको बैठकनै नबस्ने स्थिति छ । पार्टीको बाक्लो बैठक बसेर सरकार र पार्टीका कामको समयमै समीक्षा हुन नसक्दा समस्या उत्पन्न हुने गरेको छ । सबै व्यक्ति पार्टीको मातहत हुने लेनिनवादी संगठनात्मक सिद्धान्तलाई आत्मसात गरि नेकपाको विधानमा भएको व्यवस्थालाई अहिले नेतृत्व तहबाट भए गरेका व्यवहारले खण्डीत गरि दिएको छ । कुनै एकजनाले चाहदा मात्रै बैठक बस्ने ,नचाहदा बैठक बस्न नै नसक्ने , बैठक संचालन भई रहदा अध्यक्षता गर्ने व्यक्ति नै उपस्थित नहुने , लामो समयसम्म बैठकको आयोजना नै नगर्ने , बैठकको आयोजना गर्न सदस्यहरूले पत्र नै लेख्नु पर्ने , पार्टी एकताको भावना र निर्णय विपरीत छुट्टाछुट्टै भेला र गतिविधि गर्ने र पार्टीको कार्यनीतिक कार्यदिशा विपरीतका विचारलाई अगाडि सारेर पार्टी एकतामा आँच पुग्ने काम हुन थालेका छन् । यि गतिविधिले नेकपालाई गम्भीर संकटतर्फ धकेलेको छ । पार्टीमा विवाद उत्पन्न भए पछि बैठक बसेर समाधान गर्नको सट्टामा प्रधानमन्त्रीबाट नेता विशेषसंग हप्तौं दिनसम्म वेग्लावेग्लै विशेष भेटघाट गरेर मन्त्री , प्रधानमन्त्रीको अफर गर्ने ,पूर्व एमाले एक हुनु पर्ने र पार्टी एकतामा सहयात्री बनेर पार्टीमा समाहित भएका नेतृत्वलाई तेजोबध गर्ने , कहिले पार्टीका अर्को अध्यक्षसंग छुट्टै भेटेर वरिष्ठ नेताहरूको तेजोबध गर्ने र फुटाउ र राज गर को नीति अवलम्बन गर्ने खालका गतिविधिले पनि थप समस्या उत्पन्न गरेकोछ । वास्तवमा यस्तो किसिमका व्यक्तिगत र अपारदर्शी भेटघाटले पनि नेताहरूकावीचमा आपसी विश्वास र हार्दिकताको विकास हुन समस्या उत्पन्न गरेको देखिन्छ । नेकपा भित्रका समस्या सैद्धान्तिक ,वैचारिक,सांगठनिक ,कार्यशैलीगत समस्याको रुपमा प्रकट भएका छन् ।

पार्टी भित्र आएका समस्या र प्रस्तावलाई पन्छाएर होइन, सैद्धान्तिक ,वैचारिक ,संगठनात्मक सिद्धान्त र सर्वाहाराकृत दृष्टिकोण र कार्यशैलीको आलोकमा छलफल ,वहस गरि उत्पन्न समस्या समाधान गरेर मात्रै पार्टीले अग्रगति लिन सक्दछ । आफुलाई मालेवादी भन्ने तर समस्या आए पछि छलफलमा भाग नलिने , पार्टीको निर्णय नमान्ने व्यक्ति र प्रवृत्ति मार्क्सवादी हुन सक्तैन ।

मदन भण्डारीका विचारलाई पालना गर्न जरुरी :

पार्टीको विधि पद्धतिका वारेमा मदन भण्डारीका विचार यतिबेला सान्दर्भिक पनि छन् । उहाँ भन्नुहुन्थ्यो "एउटा पार्टीमा प्रजातान्त्रिक आचार विधि छ भने, विचारमा विविधता रहन्छ र पार्टीको निर्णय प्रक्रिया सकेसम्म एकमत प्राप्त गरेर गर्नं पर्दछ । हुँदैन भने बहुमत अल्पमत गरेर पनि निर्णय गर्ने प्रक्रिया अगाडि बढाउन पर्दछ । जुनसुकै प्रजातान्त्रिक पार्टी यदि प्रजातान्त्रिक ढंगले चल्छ भने यो उसको स्वभाविक कार्यशैली हो" (मदन भण्डारी संकलित रचनाहरू भाग ६ पेज नं १६६) यतिबेला पार्टीका समस्यालाई मदन भण्डारीका विचारलाई आत्मसात गरे मात्रै पनि समाधान हुनेछन् ।

लेनिनवादी तवरले समाधान खोज्न जरुरी :

नेकपाले अवलम्बन गरेको मार्क्सवादी लेनिनवादी मार्ग निर्देशक सिद्धान्तको आलोकमा विधान र राजनीतिक प्रतिवेदनमा टेकेर सबै खाले समस्या समाधान हुन सक्दछ । यसका लागि पार्टी भित्रको अन्तरसंघर्षलाई संघर्ष / एकता (रुपान्तरणको विधि र पद्धति) लाई आत्मसात गरिनु पर्दछ । यस सन्दर्भमा सरकार संचालनका सन्दर्भमा, नियुक्तिका सन्दर्भमा, पार्टीको जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा ,राष्ट्रिय सरोकारका विषयमा र सरकार संचालनका क्रममा भए गरेका कमी कमजोरीलाई स्वस्थ आलोचना र आत्मआलोचनाको विधिवाट समाधान खोजीनु पर्दछ ।

पार्टी एकता जोगाउन नेतृत्वले त्याग गर्न जरुरी :

नेपाली क्रान्तिलाई पूर्णतामा पुऱ्याउन समाजवादी क्रान्ति गर्नं अपरिहार्य छ । यो कम्युनिस्ट पार्टीको नेतृत्वमा मात्रै संभव छ । पार्टी एकताबाट प्राप्त झन्डै दुई तिहाईको जनमतको रक्षा गर्न पार्टी र सरकारले जनमुखी ढंगबाट काम गर्नंको विकल्प छैन । दुई पार्टीवीचको एकताबाट वृहत् पार्टी निर्माण भएको छ । पार्टी एकतामा आँच पुग्ने खालका गतिविधि , अभिव्यक्ति र व्यवहार कोही कसैबाट हुनु हुँदैन । व्यक्तिका इच्छा ,आकांक्षा र जिम्मेवारी दिने विषय यो पार्टीको मामलाको विषय हो । पार्टीले एकपटक व्यक्तिलाई प्रदान गरेको जिम्मेवारी सर्वकालिक हुँदैन । आवश्यक परे पुन: पार्टीले जिम्मेवारी परिवर्तन वा यथावत पनि गर्न सक्दछ । तसर्थ व्यक्तिवादी अहंकारलाई त्यागेर पार्टीको वृहत्तर एकताका लागि , आन्दोलन र क्रान्तिको अगुवाइ गर्न पनि पार्टीको एकताको रक्षा गर्न पर्दछ ।

विगत ७० वर्षको संघर्ष ,आन्दोलन र वलिदानको परिणामस्वरूप पार्टीले प्राप्त गरेको उपलब्धी ,जनताको अपार माया र विश्वासलाई नेता विशेषको आग्रह , हठ र दम्भका कारण आन्दोलन र पार्टीलाई कमजोर वनाउने काम गरिनु हुँदैन । पार्टी भित्र एकमना एकता कायम गर्नका लागि आवश्यकता अनुसार जुनसुकै त्याग गर्न पनि नेतृत्व तयार हुने क्रान्तिकारी मानसिकताका साथ नेतृत्वले भूमिका निर्वाह गर्नं पर्दछ । पार्टीको नीति ,विधि र निर्णयलाई उपल्लो तहको नेतृत्वदेखि तल तहसम्मका कार्यकर्ताले आत्ममसात गरेर अगाडि बढदा मात्रै पार्टीमा एकता र अनुशासन कायम हुनेछ ।

पार्टीमा कार्यकारी अध्यक्षको नयाँ व्यवस्था गरिए पछि पार्टीको दैनिक कामलाई यथावत सञ्चालन गर्न नेतृत्व गर्न थप वैधानिक व्यवस्था गर्ने र अर्को अध्यक्ष प्रधानमन्त्रीले सरकारका काममा केन्द्रीत हुने तथा सरकार र पार्टीकामका वारेमा भदौ २६ को निर्णयलाई अक्षरश: कार्यान्वयन गर्ने प्रतिवद्धताले पार्टीमा उत्पन्न समस्या समाधान हुने विश्वास लिन सकिन्छ ।

(लेखक नेकपा केन्द्रीय सदस्य हुन्)

तल्लो तहका प्रहरी : पूरा बिदा पाउँदैनन्, अठार घण्टासम्म काम

प्रहरी अधिकृतसँगको पहुँच

प्रहरी हवल्दार र जवानको माथिल्लो तहका प्रहरी अधिकृतसँग सहज पहुँच हुन्न। यसका कारण पनि कार्यालय प्रमुख र तल्लो तहका प्रहरी कर्मचारी बीचको दूरी कम हुन सकिरहेको छैन।

उनीहरूले माथिल्लो तहका प्रहरी अधिकृत र कार्यालय प्रमुखसँग भेटघाट र छलफल हुने अवस्था न्यून हुँदा प्रहरीले अघि सारेका योजना सफल पार्न समस्या पैदा नहुने गरेको प्रहरी अधिकृतको भनाइ छ।

अध्ययनले प्रहरी हवल्दार र प्रहरी जवानसँग गरिने व्यवहार अधिकांशरूपमा सन्तोषजनक देखिए पनि केही स्थान विशेषका कार्यालय प्रमुख र माथिल्लो तहका अधिकृतबाट विभेद कायमै रहेको देखाएको छ। सो अध्ययनले पनि पहुँच सहज पार्दै साप्ताहिकरूपमा एक पटक नियमित बैठक सञ्चालन गर्ने, त्रैमासिकरूपमा प्रहरी हवल्दार र प्रहरी जवानको सहभागितामा अनौपचारिक सामूहिक क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था लागू गर्न सुझाएको छ।

प्रहरी अधिकृतले जुनियर प्रहरी कर्मचारीलाई गर्ने व्यवहारका सम्बन्धमा नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धि कार्यादेश २०७७ मा व्यवस्था भएबमोजिम कार्यान्वयन संयन्त्र स्थापना गरी कार्यान्वयन गर्न लागिएको जनाइएको छ।

प्रमुख र प्रहरी कर्मचारीबीच दूरी घटाउन यसअघि नै महानगरीय प्रहरी कार्यालयले एउटा अभ्यास शुरु गरेको थियो। प्रहरी अधिकृत र जवान तथा हवल्दारबीच दूरी घटाउन सामूहिक मेसलगायतका कार्यक्रम त्यसमा समावेश थियो।

कार्यालय प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल उनीहरूसँगको आत्मियता बढाउनसके प्रहरीले आफ्नो उद्देश्य पूरा गर्ने र प्रहरी सेवामा थप मनोबल बढ्ने भएकाले उक्त अभियान थालेको बताउँछन्। उनी भनन्छन्, 'मेस सुधार प्रभावकारी भएको छ।'

उपत्यकाको प्रहरी कार्यालयमा आचरण व्यवहार सुधारका लागि अनुगमन गर्न प्रहरी उपरीक्षक रेवती ढकालको नेतृत्वमा टोली गठन गरिएको थियो। पहिलो चरणमा प्रभावकारी कामसमेत भएको थियो। मुख्यगरी व्यारेक, मेस र युनिफम ड्युटी घटाउने बिदा समयमा दिने कुरा सहुलियत उपलब्ध गराउने कुरा महत्वपूर्ण रहेको उनले बताए।

अध्ययनले प्रहरी हवल्दार र प्रहरी जवानले सरुवा, बढुवा र काज सम्बन्धमा पारदर्शीताको अभाव देखाएको छ। जिल्ला तहसम्म नै पारदर्शीता र जवाफदेहिताका लागि प्रहरी कर्मचारीको त्रैमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालनको तयारी गरिएको प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले बताए।

अध्ययनले प्रहरी हवल्दार र प्रहरी जवानले प्राप्त गर्ने स्केलको सामान वितरण पारदर्शी र समान वितरण हुन नसकेको देखाएको छ। त्यसका लागि आवश्यक मापदण्डसहित स्केलको सामान प्राप्त गर्न प्रहरी कर्मचारीको मासिकरुपमा कार्यालयको सूचनापाटीमा राख्ने गरी आवश्यक व्यवस्थापन गर्न लागिएको उनले बताए। प्रहरी अस्पतालमा प्राथमिकताका आधारमा सेवा प्राप्त गर्न आवश्यक व्यवस्था मिलाउन लागिएको छ।

नारायण ढुङ्गाना / काठमडौं

मुलुकको शान्ति/सुरक्षा र अमनचयन कायम गर्न अग्रपंक्तिमा खटिने तल्लो तहका प्रहरी कर्मचारीले उचित सेवा, सुविधा र सम्मान प्राप्त गर्न सकेका छैनन्।

प्रहरी कर्मचारीले आफ्नो बिदाको पूरा सदुपयोग गर्न पाएका छैनन् भने तोकिएभन्दा बढी समय कार्य क्षेत्रमा खटिन बाध्य भएको पाइएको छ। धैरैजसो प्रहरी दैनिक १२ देखि १८ घण्टासम्म कार्य क्षेत्रमा खटिन्छन्। वार्षिक प्राप्त हुने ४२ दिनको बिदामध्ये अधिकांशले १५ दिन मात्रै प्राप्त गरेको एक अध्ययनले देखाएको छ।

बीचैमा आफ्नो पेशा छाडेर पलायन हुन बाध्य हुनुमा यो एउटा महत्वपूर्ण कारण भएको प्रहरी वरिष्ठ अधिकृतको बुझाइ छ। यसका अलावा गरेका कामको सामाजिक सम्मान प्राप्त हुन नसक्दा पनि प्रहरीले पेशालाई दीर्घ सेवामा रुपान्तरण गर्न सकेका छैनन्। यसैले उनीहरूको उत्प्रेरणा जगाउनुपर्ने आवश्यकता अध्ययनले औंल्याएको छ। उनीको अवस्थाका विषयमा माथिल्लो तहबाट बेलाबेलामा सुधारका प्रयास भए पनि प्रभावकारी हुन सकेको देखिँदैन। अहिले पनि प्रहरी बीचैमा जागिर छाडेर जानेक्रम कायमै छ। प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री प्रहरीभित्र विविध समस्या रहेकाले आमूल सुधारको आवश्यकता रहेको स्वीकार गर्छन्।

प्रहरी सुधारका विषयमा प्रहरी प्रधान कार्यालयले हालै एक अध्ययन सम्पन्न गरेको छ। 'उक्त अध्ययनले प्रहरीले जागिर छाड्नुपर्ने कारणबारे पनि औंल्याएको छ', प्रहरी महानिरीक्षक थापाले भने, 'सामाजिक सम्मान कति छ, त्यसले पनि जागिर छाड्ने प्रवृत्तिलाई प्रभावित गर्ने रहेछ, गरेका राम्रा काममा सामाजिक सम्मान प्राप्त भयो भने प्रहरीले आफ्नो सेवालाई दीर्घसेवामा रुपान्तरण गर्ने थिए।'

कार्यालयले गर्ने उचित मूल्याङ्कन पनि प्रहरी उत्प्रेरणाको अर्को महत्वपूर्ण आधार हो। प्रहरी हवल्दार तथा प्रहरी जवान लक्षित उत्प्रेरणा अभिवृद्धि योजनाअन्तर्गत हालै गरिएको उक्त अध्ययनले उनीहरूलाई सामाजिक सम्मान प्रदान गर्न र माथिल्लो तहका अधिकृतसँग सहज पहुँच बढाउँन सुझाव दिइएको जनाइएको छ।

यसैगरी मिसनलगायत विभिन्न कार्यक्रममा सहभागि हुने प्रक्रियालाई पारदर्शी बनाउनसके आत्मसम्मान बढ्ने र सेवाभाव वृद्धि हुने देखाएको छ। 'अध्ययनले प्रहरीको आगामी मार्गदिशा तय गर्न सघाएको बताउने प्रहरी महानिरीक्षक थापा बिदालाई व्यवस्थापन र बढुवा, सरुवा तथा मिसनमा खटिने प्रहरी चयनको मापदण्डलाई पारदर्शी गर्नुपर्ने टड् कारो आवश्यकता छ', भने।

उक्त योजनाअनुसार प्रहरी प्रधान कार्यालयले आवश्यक सुधारका प्रक्रिया समेत शुरु गरेको जनाएको छ। अध्ययन प्रतिवेदनले कार्य क्षेत्रमा खटिने प्रहरी हवल्दार र प्रहरी जवानमध्ये अधिकांशले १५ दिनभन्दा कम मात्र बिदा पाएका छन्। प्रहरी कर्मचारीले त्यस्तो बिदा न्यूनतम ४२ दिन पाउँछन्।

प्रहरी प्रधान कार्यालयले अब भने अनिवार्य न्यूनतम ३० दिन घर बिदा र १२ दिन भइपरी आउने बिदासहित ४२ दिन बिदा पाउने व्यवस्था कार्यान्वयन गर्न लागेको छ। यसका लागि सूचना प्रविधि निर्देशनालयले आवश्यक सफ्टवेयर विकास गरी मानवस्रोत एवं प्रशासन विभागमार्फत नियमित निगरानी गर्ने व्यवस्था मिलाइएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले जानकारी दिए।

अध्ययनले कार्यक्षेत्रमा खटिएका अधिकांश प्रहरी हवल्दार र प्रहरी जवानले दैनिक १२ घण्टासम्म काममा खट्ने गरेका तथा केही प्रदेश र महानगरीय प्रहरी कार्यालयअन्तर्गत कार्य क्षेत्रमा १८ घण्टासम्म काममा खटिरहेको देखाएको छ। ती अवस्थाको आवश्यक अध्ययन गर्न समिति गठन गरिएको र समितिको सुझावअनुरूप कार्यान्वयन गर्न लागिएको जनाउँदै उनले भने, 'अध्ययनले देखाएको कतिपय कुरा कार्यान्वयनको चरणमा गइसकेको र कतिपय कार्यक्रम लागू हुने चरणमा छ।'

उक्त अध्ययन विसं २०७६ भदौदेखि विसं २०७७ कात्तिकसम्म गरिएको थियो। प्रदेशका सीमित जिल्ला, छनोट भएको महानगर, प्रहरी गण, प्रहरी प्रधान कार्यालयलगायत नमूना छनोट गरी पूर्व प्रहरी र भर्खरै अवकाशप्राप्त प्रहरी गरी चार हजार ५४८ जनासँग सोधेर उक्त अध्ययन गरिएको थियो।

विगतमा पनि प्रहरी सुधारका कार्यक्रम भएका थिए। तर त्यो कागममा मात्रै सीमित थियो। अहिले गरिएको अध्ययनको प्रतिवेदनले औंल्याएका कुरा व्यवहारमै कार्यान्वयन होस् भन्ने धारणा तल्लो तहका प्रहरी कर्मचारीको छ। यति हुँदाहुँदै तल्लो तहका प्रहरी कर्मचारीको स्वभाव रुखो हुने गरेको, अपाच्य शब्द प्रयोग गर्ने गरेको गुनासो भने सर्वसाधारणबाट आइरहेको छ।

'रोल कल' प्रणाली प्रभावकारी बनाउने

प्रहरी कर्मचारीको 'रोल कल'मा कार्यालय प्रमुखको उपस्थिति ज्यादै कम भएको देखिएको छ। कार्यालय प्रमुखले कम्तीमा हप्तामा एकपटक सबै कर्मचारीसहितको रोल कल लिइ प्रहरी कर्मचारीका कमीकमजोरीलाई सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

यसक्रममा मातहतका प्रहरी कर्मचारीको गुनासो सम्बोधनको सुनिश्चितता गरिदिनुपर्ने एवं साङ्गठनिक नीति निर्देशनका साथै प्रहरी कर्मचारीलाई प्राप्त हुँदै आएको एवं थप भएको सेवा सुविधाको जानकारी गराउन अध्ययनले सुझाव दिएको छ। सोही प्रतिवेदनका आधारमा आवश्यक व्यवस्था गर्न लागिएको प्रवक्ता कडायतले बताए। *रासस*

देशभर १६ सय ६९ जनामा कोरोना पुष्टि



रासस / काठमाडौं

पछिल्लो २४ घण्टामा थप एक हजार ६६९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा आठ हजार ३२ जनाको नमूना परीक्षण गर्दा थप एक हजार ६६९ जनामा कोरोना संक्रमण पुष्टि भएका हुन्।

थपिएका कूल संक्रमितमध्ये काठमाडौं उपत्यकामा मात्रै ९५७ जना छन्। योसँगै नेपालमा हालसम्म कोरोना संक्रमितको संख्या दुई लाख २० हजार ३०८ पुगेको छ। पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणमुक्त हुनेको सङ्ख्या पाँच हजार ६९९ छ।

हालसम्म संक्रमणमुक्त हुनेको संख्या एक लाख ९९ हजार २४ रहेको छ। देशैभरी जम्मा सक्रिय संक्रमितको संख्या १९ हजार ९६३ रहेको मन्त्रालयले जनाएको छ। सक्रिय संक्रमितमध्ये संस्थागत आइसोलेशनमा ६ हजार ३५१ र होम आइसोलेशनमा १३ हजार ६१२ जना रहेका छन्।

मन्त्रालयको नियमित प्रेस ब्रिफिङमा आज प्रवक्ता डा जागेश्वर गौतमले गत २४ घण्टामा काठमाडौंमा ७३३, ललितपुरमा १३१ र भक्तपुरमा ५३ जना रहेको जानकारी दिए।

प्रवक्ता डा गौतमले पछिल्लो २४ घण्टामा थप १६ जनाको मृत्यु भएको जानकारी दिए। यससँगै देशभर कोरोना संक्रमितको कुल संख्या २ लाख २० हजार ३०८ पुगेको छ भने निको हुनेको संख्या एक लाख ९९ हजार २४ जना छन्।

विश्वमा कोरोना भाइरस संक्रमितको संख्या पाँच करोड ८५ लाख ४८ हजार ३ जना पुगेको छ भने निको हुनेको संख्या चार करोड पाँच लाख १३ हजार १७ जना रहेका छन्।

लैङ्गिक हिंसाविरुद्ध असल अभ्यास : 'मौनताको संस्कृति तोडौं'

काठमाडौं / रासस

'लैङ्गिक हिंसाका मुद्दामा मौनताको संस्कृतिलाई तोडौं' भन्ने नाराका साथ लैङ्गिक हिंसाविरुद्ध देशका१० स्थानमा असल अभ्यास कार्यक्रम शुरु भएको छ।

'लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता, व्यक्ति, समाज र हामी सबैको ऐक्यबद्धता' नाराका साथ नोभेम्बरभर मन्त्रालयको नेतृत्वमा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ। गत चैतमा नेपालमा कोरोना महामारी शुरु भएपछि ७० प्रतिशत महिलाले रोजगारी गुमाएको आयोगले जनाएको छ। पछिल्लो समय साना बालिकासमेत बलात्कारमा पर्ने गरेका उजूरी आयोगमा बढ्न थालेका छन्।

महिला, कानून र विकास मञ्चलगायत सामाजिक संस्थाले आईतवारदेखि भर्चुअल माध्यमबाट शुरु गरेको कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री लीलानाथ श्रेष्ठले कोरोना भाइरसको संक्रमण बढेपछिको अवस्थामा महिलामाथि हुने हिंसाका घटना पनि बढ्न थालेको बताउँदै प्रदेश र स्थानीय सरकारलगायत सामाजिक संस्थालाई समेत सो अभियानको कार्यक्रममा सहभागिता जनाएर सफल बनाउन आह्वान गरे। दक्षिण एशिया क्षेत्रमै पछिल्लो समय लैङ्गिक हिंसा बढिरहेको उनले जानकारी दिए।

राष्ट्रिय महिला आयोगका सचिव शान्ता अधिकारीले ९३ प्रतिशत लैङ्गिक हिंसाका घटना घरभित्र र परिवार नजीकका मानिसबाट हुने गरेको उजूरी आएको जनाउँदै महिलाको शिक्षा र आर्थिक स्रोतमा पहुँच नपुग्दा हिंसाका घटना बढ्ने गरेको बताए। मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले हिंसाविरुद्ध मौनताको संस्कृति तोड्न असल अभ्यास कार्यक्रम शुरु गरिएको जानकारी दिए।

'भिएसओ' नामक संस्थाको सहज कार्यक्रमका शिखा श्रेष्ठले बढी लैङ्गिक हिंसा परिवारमै हुने गरेकाले मौनताको संस्कृतिलाई तोड्नुपर्नेमा जोड दिए। राजधानीमा आज पहिलोपटक गरिएको कार्यक्रम अन्य स्थानमा पनि गरिने जनाइएको छ।

कार्यक्रममा नेपालस्थित बेलायती राजदूतावासका विकास निर्देशक लिसा होनान, तराई क्षेत्रमा लैङ्गिक हिंसाविरुद्धको अभियानमा मनोसामाजिक परामर्शदाताका रुपमा काम गरिरहनुभएका रेणु कर्ण, सिरहा जिल्लामा स्थानीय स्वयंसेवकका रुपमा कार्यरत सहजकर्ता रिकुकुमार मण्डललगायतले बलात्कारका घटनाका दोषी नसमातिने गरेको र दोषीलाई कानूनी कारवाही नगर्दा दण्डहीनता बढेकाले यसतर्फ सरोकार निकायले ध्यान दिनुपर्ने सुझाव दिए।

नेराबैंकले रु १५ अर्बको ट्रेजरी बिल बिक्री गर्ने

रासस : नेपाल राष्ट्र बैंकले सोमबार रु १४ अर्ब ८१ करोड ३२ लाख बराबरको ट्रेजरी बिल बिक्री गर्ने भएको छ। केन्द्रीय बैंकले बोलकबोल प्रक्रियाका माध्यमबाट उक्त परिमाणको ट्रेजरी बिल बिक्री गर्न लागेको हो।

राष्ट्र बैंकले सबै ट्रेजरी बिल नवीकरणका लागि बोलपत्र आह्वान गरेको छ। त्यसमा कूल रु दुई अर्ब २३ करोड ३२ लाख ९१ दिने अवधिको हो। यस्तै रु १२ अर्ब ४७ करोड कूल १८२ दिनका लागि र ११ करोड भने कूल ३६४ दिनका लागि बिक्री गर्न लागिएको छ।

सामाजिक सुरक्षा योजना : परिमार्जनको तयारी, आवश्यक परेमा झिक्न सकिने

अशोक घिमिरे / काठमाडौं

सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा योजनाप्रति आकर्षण बढाउन योगदानकर्ताको चाहनाअनुसार केही योजना परिमार्जनको प्रस्ताव गरेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा योजना शुभारम्भ भएको दुई वर्ष पुग्न लागे पनि योजनाप्रति सरोकारवालाको सहभागिता न्यून देखिएपछि कोषले योजना परिमार्जन गर्न लागेको हो।

सामाजिक सुरक्षाको आधारभूत अवधारणासँगै योगदानकर्ताको चाहनालाई पनि सम्बोधन गर्न योजना परिमार्जनको तयारी अगाडि बढेको कोषले जनाएको छ। कोष सञ्चालक समिति सदस्य एवं अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माको संयोजकत्वमा कार्यकारी निर्देशक, कानून मन्त्रालय, ट्रेड युनियन तथा रोजगारदाताको प्रतिनिधित्व रहेको उपसमिति गठन गरी योजना परिमार्जनको तयारी गरिएको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए।

उपसमितिले रोजगारदाता र श्रमिकको कुल ३१ प्रतिशत योगदानमध्ये वृद्धअवस्था सुरक्षा योजनाअन्तर्गतको २८.३३ प्रतिशत रकमलाई 'ब्रेकडाउन' गरी २० प्रतिशतबाट पेन्सन र बाँकी ८.३३ प्रतिशतबाट अवकाश सुविधा दिने प्रस्ताव गरेको छ। यसबाट ६० वर्ष उमेर नपुगेका योगदानकर्ताले रोजगारीमा संलग्न नभएको अवस्थामा ८.३३ प्रतिशतबाट उपदान/अवकाश सुविधा प्राप्त गर्न सक्नेछन्। योगदानकर्ताले ६० वर्ष पुगेपछि २० प्रतिशतबाट पेन्सन सुविधा प्राप्त गर्न सक्नेछन्।

योगदानकर्ता रोजगारीबाट विमुख भएपछि पेन्सनका लागि ६० वर्षसम्म कुर्नुपर्ने गुनासोलाई सम्बोधन गर्न सो व्यवस्था गर्न लागिएको हो। 'बीस प्रतिशतबाट आयको निरन्तरता होस् भन्नका लागि योगदानकर्ता ६० वर्ष पुगेपछि पेन्सनका रुपमा आर्थिक सहायता पाउनेछन्', उनले भने, 'बाँकी ८.३३ प्रतिशतलाई अवकाश सुविधा योजना अन्तर्गत राख्न लागिएको हो। यदि योगदानकर्तालाई बीचैमा रकम आवश्यक परेको खण्डमा सापटीका रुपमा पनि झिक्न पाउने र रोजगारीबाट अलग भए पनि सो रकम झिक्न पाउनुहुनेछ।'

कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायत संस्थाबाट योगदानकर्ताले सञ्चित रकममध्येबाट आवश्यकता परेको खण्डमा केही रकम झिक्न पाउने अभ्यास प्रचलनमा छ।

यस्तै औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा पनि सामान्य परिमार्जनको प्रस्ताव गरिएको छ। कोषमा योगदान गर्न शुरु भएको तीन महिना पछाडिदेखि योगदान गर्न छाडेको तीन महिनासम्म यो योजना लागू हुने व्यवस्थालाई परिमार्जन गरी ६० वर्षपछि पेन्सन सुविधामा बसेको योगदानकर्तालाई ७० वर्षसम्म पनि औषधि उपचार स्वास्थ्य सुविधा दिन प्रस्ताव गरिएको छ। यसैगरी योगदानकर्ता प्रसूति भएपछिको ६ हप्तासम्मको उपचार खर्च दिन प्रस्ताव गरिएको छ। आइएलओ अभिसन्धि, अन्तर्राष्ट्रिय प्रचलनअनुसार यसलाई समायनुकूल बनाउन लागिएको हो। यसअघि गर्भावस्थाको परीक्षण तथा तीन महिनासम्मको शिशुको उपचार खर्च मात्र कोषले व्यहोर्ने व्यवस्था थियो। आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत रोजगारीका शिलसिलामा विदेशी योगदानकर्ताको मृत्यु भएको अवस्थामा एकमुष्ट रकम लिन सक्ने प्रस्ताव गरिएको छ।

प्रस्तावित योजनाले लामो समयदेखि श्रमिकले माग गर्दै आएको विषयलाई धेरै हदसम्म सम्बोधन गर्ने कोषका प्रवक्ता पन्थी बताउँछन्। उपसमितिले तयार गरेको प्रस्ताव कोष सञ्चालक समितिले अनुमोदन गरी स्वीकृतिका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाइने उनले जानकारी दिए। 'प्रस्तावित योजनाका बारेमा उपसमितिमा अन्तिम छलफल भइरहेको छ, सञ्चालक समितिले अनुमोदन गरी स्वीकृतिका लागि मन्त्रालयमा जान्छ,' उनले भने, 'मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भए पछि नयाँ योजना लागू हुन्छ।' यही मङ्सिर ११ गतेभित्र प्रस्तावित योजनाले मूर्तरुप पाउने गरी तयारी अगाडि बढाइएको कोषले जनाएको छ।

अनौपचारिक र स्वरोजगार श्रमिक पनि समेटिदै

कोषले सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउँदै अब छिट्टै अनौपचारिक क्षेत्र तथा स्वरोजगारमा संलग्नलाई पनि योजनामा समेट्ने तयारी गरेको छ। सरकारको नीति तथा कार्यक्रममा पनि अनौपचारिक तथा स्वरोजगारमा संलग्नलाई पनि सामाजिक सुरक्षा योजनामा समेट्ने घोषणा गरिएको छ। नीति कार्यक्रमको ८८ नं बुँदामा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई दिगो बनाइने तथा अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगार र वैदेशिक रोजगारमा गएका श्रमिकलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरिने उल्लेख गरिएको छ।

'यही वर्ष स्वरोजगार र अनौपचारिक क्षेत्रको श्रमिकलाई योजनामा समेट्ने गरी अघि बढेका छौं', प्रवक्ता पन्थीले भने, 'आगामी दिनमा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई पनि समेट्छौं।'

कोषमा हालसम्म एक लाख ७९ हजार ५८६ योगदानकर्ता र १२ हजार ८९६ रोजगारदाता सूचीकृत भएको छन्। शुक्रबारसम्म प्रदेश १ बाट १८ हजार १२९, प्रदेश २ बाट १३ हजार ३०५, बागमतीबाट एक लाख ३४ हजार ४८०, गण्डकीबाट छ हजार ८९२, लुम्बिनीबाट पाँच हजार ६९४, कर्णालीबाट ४४७ र सुदूरपश्चिम प्रदेशबाट ६४७ श्रमिक सूचीकृत भएको कोषले जनाएको छ। कोषमा ३०६.८३ करोड योगदान रकम सङ्कलन भएको छ भने रु एक करोड १४ लाख १६ हजार ९६८ दाबी भुक्तानी गरिएको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी भुक्तानी ४४६, आश्रित परिवार सुरक्षा दाबी भुक्तानी २४, दुर्घटना तथा अशक्तता सुरक्षा दाबी भुक्तानी ३४ र उपदान दाबी भुक्तानी सङ्ख्या ३२ रहेको कोषको तथ्याङ्क छ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले सामाजिक सुरक्षा ऐनअन्तर्गत सामाजिक सुरक्षा योजना कार्यान्वयको दिशामा सामाजिक सुझा कार्यविधि र ऐनमा नै केही कठिनाइ देखिएको जनाएको छ। केन्द्रका अध्यक्ष पुष्कर आचार्य योजनाको कार्यान्वयन पक्षमा पनि फितलो देखिएको बताउँछन्। उनी भन्नछन्, 'ऐनमा भएको कमजोरी सरकारले नै सुधार गर्ने हो। कोषले बनाएको कार्यविधिमा आवश्यकताअनुसार संशोधन गर्न पनि भन्ने अहिले योजनाले समेटेको बाहेकको असङ्गठित र स्वरोजगार क्षेत्रका मजदूरलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउने गरी कार्यविधि तयार हुनुपर्छ भन्ने हामी ट्रेड युनियनको मान्यता हो।'

केन्द्रले ऐनमा परिमार्जन गर्न, सामाजिक सुरक्षा कार्ययोजनाअन्तर्गत अनौपचारिक/असङ्गठित तथा स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि समेट्ने माग समेत गरेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा ऐनअन्तर्गतको सामाजिक सुरक्षा कार्ययोजना बनाउन, अनौपचारिक/असङ्गठित तथा स्वरोजगार क्षेत्रलाई समेट्न र सामाजिक सुरक्षाको दायरामा ल्याउन केन्द्रले आग्रह समेत गरेको छ। *रासस*

पार्की टोकियो ओलम्पिकका लागि छनोट

काठमाडौं / रासस

सशस्त्र प्रहरी बलको एपीएफ क्लबका गोपीचन्द्र पार्की सन् २०२१ मा जापानको टोकियोमा आयोजना हुने ओलम्पिकका लागि नेपालबाट छनोट भएका छन्। बाँकेको नेपालगञ्जमा शनिबार सम्पन्न म्याराथन उपाधि जितेसँगै पार्की टोकियो ओलम्पिकका लागि छनोट भएका हुन्।

पार्कीले छैटौं धारा नेपालगञ्ज म्याराथनको उपाधि जितेका छन्। पार्कीले गत वर्ष मङ्सिरमा नेपालमा सम्पन्न १३औं दक्षिण एशियाली खेलकूद (साग) मा पाँच हजार मिटर दौडमा स्वर्ण पदक जितेका थिए। पच्चीस खेलाडी सहभागी म्याराथनमा पार्कीले निर्धारित ४२ दशमलव १९.५ किलोमिटरको दूरी दुई घण्टा १८ मिनेट ५९ सकेन्डमा पूरा गरेका थिए।

नेपाली सेनाका कृष्ण बस्नेत दोस्रो भए। उनले दुई घण्टा २० मिनेट ४९ सेकेन्डमा दौड पूरा गरे। नेपाली सेनाकै खगेन्द्र भाट दुई घण्टा २७ मिनेट २८ सेकेन्डमा दूरी पूरा गर्दै तेस्रो भए। पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः ७५ हजार, रु ३० हजार तथा रु १० हजार पुरस्कार प्राप्त गरेको आयोजक संस्था क्रिएटिभ ह्यान्ड्सका अध्यक्ष टिएस ठकुरीले जानकारी दिए।

कोरोना भाइरसको महामारीका कारण अन्य प्रतियोगिता आयोजना हुन नसक्दा नेपाल ओलम्पिक कमिटी (एनओसी)ले नेपालगञ्ज म्याराथनको विजेतालाई टोकियो ओलम्पिकमा सहभागिता गराउने निर्णय गरेको थियो।

यसैगरी महिला हाफ म्याराथनको उपाधि एपीएफ क्लबकी पुष्पा भण्डारीले जित्न सफल भइन्। तेह्रौं सागको हाफ म्याराथनमा रजत पदक जितेकी पुष्पाले निर्धारित दूरी एक घण्टा २६ मिनेट ५४ सेकेन्डमा पूरा गरिन्। उनले ३० हजार पुरस्कार प्राप्त गरिन्।

यस्तै कर्णाली प्रदेशकी मञ्जु रावत एक घण्टा ३० मिनेट ७ सेकेन्डमा दौड पूरा गर्दै दोस्रो भइन् भने शर्मिला घर्तीले एक घण्टा ३८ मिनेट १४ सेकेन्डमा दौड पूरा गर्दै तेस्रो स्थान हासिल गरिन्। रावत र घर्तीले क्रमशः १५ हजार र रु १० हजार पुरस्कार प्राप्त गरिन्।

पाकिस्तानमा कोरोना बढ्दै
सावधानी अपनाउन प्रधानमन्त्रीको आग्रह

इस्लामावाद / रासस/सिन्ह्वा

पाकिस्तानी प्रधानमन्त्री इमरान खानले कोभिड-१९ को संक्रमणको दोस्रो लहरसँगै महामारीबाट बच्न आवश्यक सावधानी अपनाउन आइतबार आग्रह गरेका छन्। उनले सरकारी अधिकारी, पाकिस्तानी जनता र विपक्षी दलहरूलाई पनि महामारीबाट बच्न सामाजिक दूरी कायम गर्ने र संक्रामक रोगबाट अपनाउनुपर्ने अन्य स्वास्थ्यका उपायलाई पालना गर्न आग्रह गरे।

सरकारी तथ्यांक अनुसार पछिल्लो २४ घण्टामा पाकिस्तानमा कोभिड-१९ सङ्क्रमितको संख्या दुई हजार ६६५ रहेको छ भने ५९ कोभिड-१९ संक्रमितको मृत्यु भएको छ। पाकिस्तानमा कोभिड-१९ सङ्क्रमित सात हजार ६६२ पुगेको छ भने अझै ३६ हजार ६८३ व्यक्तिले देशभरका विभिन्न अस्पतालमा उपचार गरिरहेका छन्। पाकिस्तानमा अहिलेसम्म कूल तीन लाख ७४ हजारभन्दा बढी संक्रमित भएका छन्।

'पाकिस्तानमा कोभिड-१९ को दोस्रो लहरको सङ्क्रमण विगत १५ दिनदेखि चासोको विषय बनेको छ,' प्रधानमन्त्री खानले आफ्नो ट्वीटर पेजमा उल्लेख गरेका छन्। उनले भने, 'विश्वका धेरै मुलुकले दोस्रो पटक सङ्क्रमण फैलिन थालेपछि पूर्ण तथा आंशिक लकडाउनको घोषणा गर्न बाध्य भएका छन्। यदि अहिलेकै तरिकाले संक्रमण फैलिँदै जाने हो भने पाकिस्तानले पनि पूर्ण लकडाउन गर्न बाध्य हुनुपर्नेछ।'

प्रधानमन्त्री खानले आफूले सामान्य अवस्थामा पुनः लकडाउन गर्न नचाहेको बताउँदै लकडाउनले देशको सुधारउन्मुख रहेको अर्थतन्त्रलाई पुनः प्रभावित बनाउने बताएका छन्।

यसअघि उहाँले विपक्षी दलहरूलाई विरोधका लागि ठूला सभा र प्रदर्शन गर्दा संक्रमण फैलिने चेतावनी दिँदै विरोधको उक्त शैलीलाई रोक्नसमेत आग्रह गरेको थियो।

कोरोना उपचार :
रिजेनेरोनको एन्टीबडी उपचार पद्धतिलाई अमेरिकामा अनुमति

वासिङ्टन / रासस/एएफपी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कोरोनाभाइरस उपचारमा प्रयोग गरिएको रोगप्रतिरोधी थेरापी (एन्टीबडी थेरापी) लाई अमेरिकी औषधि नियामक निकायले प्रयोगमा ल्याउन सिफारिस गरेको छ।

कोरोनाका कारण स्वास्थ्य जोखिम निकै रहेका तर अस्पतालमा भर्ना भइ नसकेका बिरामीमा यो उपचार विधि प्रयोग गर्न अनुमति दिइएको हो। औषधि निर्माता रिजेनेरोनले तयार पारेको रिजेन-कोभ२ नामको औषधिले कोभिड-१९ सँग सम्बन्धित अस्पताल भर्नालाई रोक्न वा न्यून गर्न निकै उपयोगी देखिएको छ। अन्य रोगका कारण समस्यामा परिरहेका बिरामीलाई पनि यो औषधि उपयोगी हुनेछ।

अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडिए) का आयुक्त स्टेफेन हानले रिजेन-कोभ२ औषधि सेवन गर्ने कोभिड-१९ बाट संक्रमित व्यक्तिले हत्तपत्त अस्पताल भर्ना वा अस्पताल गइहाल्नु नपर्ने देखिएको जानकारी दिए। उनले स्वास्थ्य सेवा प्रणालीमाथिको अतिरिक्त दबाव कम गर्न पनि यो औषधि निकै उपयोगी रहेको बताए।

रिजेनेरोनका अध्यक्ष एवं प्रमुख कार्यकारी लियोनार्ड स्लाइफरले यो कदम कोभिड-१९ विरुद्ध लड्न एउटा महत्वपूर्ण पक्ष रहेको बताए। कोभिड-१९ का कारण उच्च स्वास्थ्य जोखिममा रहने बिरामीले आफू संक्रमित हुनासाथ यो औषधिको सेवनबाट ठूलो लाभ लिन सक्ने पनि उनले बताए।

एन्टीबडी थेरापी उपचारका लागि अनुमति प्राप्त गर्ने अमेरिकाको रिजेनेरोन दोस्रो कम्पनी हो। यसअघि अमेरिकी कम्पनी एली लिल्लीले गत नोभेम्बर ९ मा एन्डीबडी थेरापीका लागि अनुमति पाएको थियो।

यस औषधिको प्रयोगबाट मानिसको रोगप्रतिरोधी क्षमता स्वाभाविक रुपमा बढ्छ। शरीरमा प्रतिरोधी क्षमता विकास गर्न प्राकृतिक विधिबाट कम मात्र सफलता प्राप्त भएपछि रिजेनेरोन र एली लिल्लीले प्रयोगशालाबाट एन्टीबडी थेरापी उत्पादन गरेका हुन्। उनीहरूले सार्स-कोभ-२ (कोभिड-१९) भाइरसको सतहको प्रोटिनलाई नियन्त्रित गरी यसलाई मानिसको शरीरभित्र प्रवेश गर्नबाट रोक्ने वैज्ञानिकहरूले बताएका छन्।

कम्पनीले नोभेम्बरको अन्त्यसम्ममा ८० हजार बिरामीका लागि औषधि तयार गर्ने जनाएको छ। आगामी जनवरी २०२१ को अन्त्यसम्ममा करिब तीन लाख बिरामीले यो औषधि प्राप्त गर्न सक्नेछन्। यो औषधि हालका लागि अमेरिकामा मात्र उपलब्ध हुनेछ र सरकारी कार्यक्रम बमोजिम बिरामीले निःशुल्क प्राप्त गर्नेछन्।

रिजेनेरोनले कोभिड-१९ को औषधि निर्माण गर्न ४५ करोड अमेरिकी डलर आर्थिक सहायता प्राप्त गरेको थियो।

गत महिना पनि रिजेनेरोनले तयार पारेको इबोला भाइरस विरुद्धको एन्टीबडी औषधिलाई अमेरिकी नियामक निकाय एफडीएले प्रमाणपत्र दिएको थियो।

मतगणना उल्ट्याउने ट्रम्पको निवेदन खारेज

वासिङ्टन / रासस/एएफपी

अमेरिकी राज्य पेन्सिल्भेनियामा मतगणनामा धाँधली भएको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दिएको उजुरीलाई संघीय अदालतले शनिबार खारेज गरिदिएको छ।

अमेरिकी राष्ट्रपतिको निर्वाचनमा पराजय स्वीकार्न सट्टा राष्ट्रपति ट्रम्पले विभिन्न राज्यको मतगणनामा धाँधली भएको भन्दै उजुरी दिइरहनु भएको छ। तर पेन्सिल्भेनिया राज्यका न्यायाधीशले दिएको फैसलाले ट्रम्पको अभियानमा ठूलो धक्का लागेको छ।

यो निर्णयसँगै पेन्सिल्भेनिया राज्यले राष्ट्रपतिका डेमोक्रेट उम्मेदवार जो बाइडेनको पक्षमा मतपरिणाम सदर गर्न बाटो खुलेको छ। अब सोमबार पेन्सिल्भेनिया राज्यले बाइडेन विजयी भएको प्रमाणपत्र दिनेछ।

आगामी जनवरी २० मा राष्ट्रपतिको शपथ कार्यक्रम नजिकिँदै जाँदा ट्रम्पको कानुनी टोलीले भने केही राज्यबाट बाइडेनलाई विजयी भएको प्रमाणपत्र दिन ढिलाई गर्ने योजनामा ध्यान दिइरहेको छ। तर ट्रम्पको कानुनी टोलीले दर्ता गरेका कैयौं निवेदनलाई सम्बन्धित राज्यका न्यायाधीशहरूले पर्याप्त आधार प्रमाणको अभाव भन्दै खारेज गरिदिएका छन्।

न्यायाधीश म्याथ्यू ब्रानले आफ्नो आदेशमा ट्रम्पको कानुनी टोलीले पेन्सिल्भेनिया राज्यमा हुलाकबाट प्राप्त मतपत्रका बारेमा उचित र पर्याप्त प्रमाण पेश गर्न नसकेको बताए।

बाइडेनले हालसम्म ३०६ इलेक्टोरल मत प्राप्त गर्नँ भएको छ भने राष्ट्रपति ट्रम्पले २३२ मत मात्र प्राप्त गरेका छन्। आगामी डिसेम्बर १४ मा इलेक्टोरल कलेज (निर्वाचक प्रतिनिधि)ले औपचारिक रुपमा राष्ट्रपतिलाई मतदान गर्नेछन् र त्यसभन्दा अघि नै सबै राज्यले इलेक्टोरल कलेजलाई प्रमाणीकरण गरिसक्नु पर्नेछ।

तर ट्रम्पले चुनावी परिणामलाई अझै स्वीकार्न नचाहेका कारण राष्ट्रपतिको औपचारिक निर्वाचनमा अन्यौल कायमै छ। राष्ट्रपति ट्रम्प सहित उनको दल रिपब्लीकन पार्टीका बहुमत सदस्यले डेमोक्रेट उम्मेदवार बाइडेनलाई खुलेर समर्थन गरेका छैनन्।

केही भिनो संख्याका रिपब्लीकन सदस्यहरूले मात्र चुनावी परिणामलाई स्वीकार्न पर्ने बताउँदै आएका छन्।

पेन्सिल्भेनियाको अदालतको आदेश लगत्तै रिपब्लीकन पार्टीका तर्फबाट सिनेट सदस्य प्याट टूमीले बाइडेनले सन् २०२० को राष्ट्रपति निर्वाचन जितेको र उनले नै संयुक्तराज्य अमेरिकाको ४६ औं राष्ट्रपति हुने धारणा अघि सारेका छन्। उनले राष्ट्रपति ट्रम्पले हार स्वीकार्नको विकल्प छैन भन्दै बाइडेनलाई संक्रमणकालीन प्रक्रियामा सामेल गर्नँपर्ने पनि बताए।

चुनावी मतगणनामा पेन्सिल्भेनियामा बाइडेनले १ लाख ५५ हजारभन्दा बढी मतले ट्रम्पलाई पराजित गर्नँ भएको देखिएको छ।

मन्त्री यादवद्वारा भलिबल प्रतियोगिता उद्घाटन

टुडे एक्सप्रेस / जनकपुरधाम

आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेनन्द्र कुमार यादवले प्रदेश स्तरिय तेस्रो खुल्ला पुरुष भलिबल प्रतियोगिताको उद्घाटन गरेका छन्।

मिथिला विहारी ना.पा. ८ कचुरीमा झण्डा मेलाको अवसरमा प्रतियोगिताको आयोजना गरिएको छ। मन्त्री यादवले स्वास्थ्य, राष्ट्र र शान्तिका लागि खेलकुद जरुरी भएको बताए।

भलिबल प्रतियोगितमा प्रथम हुने टीमलाई एक लाख नगद पुरस्कार दिने आयोजकले जनाएको छ। दोस्रो पुरस्कार नगद पचास हजार र तेस्रो पुरस्कार नगद पचिस हजार घोषणा गरिएको छ।

अगामी दिनमा खेलाडीहरूका लागि प्रदेश सरकारले ५ लाख रूपयाँसम्मको पुरस्कार व्यवस्था गर्न मन्त्री यादवले प्रतिवद्धता जनाएका छन्।

उद्घाटन समारोहमा मिथिला विहारी नगरपालिकाका वडाध्यक्ष जीवछ यादव, ललित यादव, झण्डा मेलाका अध्यक्ष मनोहर यादव, सिता देवी यादव, विल्टु यादव, युवा नेता किसन साह लगायतको सहभागिता रहेको थियो।

इराकमा आइएसद्वारा सात प्रहरीको हत्या

ब्रासिलिया / रासस/सिन्ह्वा

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले विश्वका द्वारा जी २० का नेताहरूलाई एकताबद्ध भएर काम गर्न आग्रह गरेका छन्। उनले विश्वमा हाल देखा परिरहेका विभिन्न खालका समस्याहरूको समाधानका लागि एकताबद्ध हुन र आपसी सहयोगका साथ अघि बढ्न सो आग्रह गरे। जी २० को यसै हप्ताको अन्त्यमा अनलाइन बैठक हुन लागेको छ।

सो बैठकको अघि उनले विश्वका नेताहरूलाई यो आग्रह गरेको बताइएको छ। विश्वमा अहिले विशेष गरेर कोभिड १९ को संक्रमण देखा परिरहेको छ र यस्तो अवस्थामा विश्वमा आर्थिक मन्दीको अवस्था पनि देखिएको छ भन्दै उनले यस्ता र अरु पनि समस्याहरू रहेको बताए। त्यसैले यी समस्याहरूको समाधान गर्नका लागि विश्वका नेताहरूले एक भएर काम गर्नँपर्ने र भन्दै उनले सो कुरामा जोड दिए। संयुक्त राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा सम्वाददाताहरूसँग कुरा गर्दै उनले उक्त कुरा बताए। उनले भने, 'विश्वका जी २० का नेताहरूको यसै हप्ताको अन्त्यमा अनलाइन बैठक हुँदैछ, त्यसमा मेरो पनि सहभागिता हुनेछ, तर मेरो सन्देश निकै साधारण छ र त्यो सन्देश हो कि विश्वमा अहिले देखा परेका विभिन्न खालका समस्याहरूको समाधानका लागि हामीले एकताबद्ध भएर लाग्नुपर्दछ।'

उनले कोभिड १९ को समस्याले निरन्तर रुपमा सपशपवका कैयौं देशलाई समस्यामा पारिरहेकोले यस महामारीबाट बाहिर निस्किन र आर्थिक र अरु पनि समस्याको समाधान गर्न जी २० को नेताहरू पनि लाग्नुपर्ने बताएका छन्।

महामारीमा पर्यटन : जगाउँदैछ आशाको सञ्चार

सिबी अधिकारी / काठमाडौं

बन्दाबन्दीको आठ महिनापछि विदेशी पर्यटकलाई स्वागत गर्न पाउँदा पर्यटन व्यवसायी नवराज दाहाल दङ्ग छन्। कोभिड-१९ को महामारी रहेकै समयमा स्टोनियाका पर्यटकलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा माला र खादा पहिऱ्याएर स्वागत गर्दाको क्षण आफू निकै खुशी भएको उनको अनुभव छ। 'आठ महिनापछि पहिलो पटक विदेशी पर्यटकलाई स्वागत गर्न पाउँदा म धेरै खुशी भएको छु। यसले हामीलाई उत्साह थपेको छ', व्यवसायी दाहालले सामाजिक सञ्जाल फेसबुकमा तस्वीरसहित पोष्ट गरेका छन्।

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) का पूर्वअध्यक्षसमेत रहेका दाहालले स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने अहिलेको अवस्थामा पनि पर्यटक आउनुले पर्यटन क्षेत्रका लागि आशा र उत्साह जगाएको बताए। हालको मापदण्डलाई केही खुकुलो बनाएको खण्डमा नेपालमा प्रशस्त विदेशी पर्यटक आउने उनको विश्वास छ। अहिले अन्तरराष्ट्रिय उडान खुलेको र मापदण्ड पालना गरेर विदेशी आउने व्यवस्था मिलाइएको छ। नेपालमा पर्यटकीय गतिविधि पनि बढेको छ। गन्तव्यमा आन्तरिक पर्यटकको ओइरो लाग्ने गरेको छ भने थोरै संख्यामा विदेशी पर्यटक पनि पदयात्रा तथा पर्वतारोहणमा निस्किएका छन्।

'मापदण्डलाई सरल र सहज बनाइनुपर्छ, पिसिआर रिपोर्ट नेगेटिभ भएका पर्यटकलाई 'अनअराइभल' प्रवेशाज्ञा (भिषा) को व्यवस्था गरी तीन दिन होटल क्वारेन्टिनमा राखेर जान चाहेको गन्तव्यमा जान दिनुपर्छ', नेपाल इन्भायरोमेन्टल ट्रेक्स एण्ड एक्स्पिडिसन प्रालिका सञ्चालक दाहालले भने।

पर्यटन व्यवसायी राजेन्द्रप्रसाद सापकोटा पनि क्वारेन्टिनको अहिलेको मापदण्डलाई खुकुलो बनाई यहाँ आएका विदेशी पर्यटकको ७२ घण्टापछि पिसिआर रिपोर्ट नेगेटिभ आएको खण्डमा उसले चाहेको गन्तव्यमा जान दिने हो भने पर्यटन क्षेत्रमा राम्रो सन्देश जाने बताउँछन्।

'अहिले पातलो संख्यामा विदेशी पर्यटक आउन थालेका छन् यसले पर्यटन क्षेत्रमा आशाको सञ्चार भएको छ, हालको मापदण्डलाई सरलीकरण गर्नेतर्फ सरकारी निकायको ध्यान जान जरुरी छ', नेपाल पर्यटन बोर्डका पूर्व सञ्चालक समिति सदस्यसमेत रहेका सापकोटाले भने।

आउटडोर हिमालयन ट्रेक्स कम्पनी तथा पर्यटकस्तरीय दुई होटल सञ्चालन गर्नुभएका सापकोटाले अहिले दैनिक १० देखि २० जनासम्म पर्यटक आउने गरेको बताए। महामारीकैबीच भदौ १६ देखि अन्तरराष्ट्रिय नियमित उडान तथा असोज ५ गतेदेखि आन्तरिक उडान शुरु भएसँगै आन्तरिक र बाह्य पर्यटकको चहल पहल बाक्लिएको छ।

सरकारले कात्तिक १ देखि पदयात्रा र पर्वतारोहण पनि खुला गरेको थियो। होटल क्षेत्र पनि खुलिसकेको छ। शरद ऋतुमा बाक्लो सङ्ख्यामा विदेशी आरोहण तथा पदयात्राका लागि नेपाल आएका छन्। पर्यटन विभागको विवरणमा शरद ऋतुको आरोहणमा हालसम्म विभिन्न हिमाल आरोहणका लागि सात आरोहण दललाई आरोहण अनुमति दिइएको छ। आरोहणबाट कूल ३३ लाख ७४ हजार ८२ रुपैयाँ राजस्व पनि सङ्कलन भएको छ।

विदेशी विशिष्ठ व्यक्तिको आरोहण

पछिल्लो पटक मङ्सिरदेखि प्रतिबन्धित पर्यटनका लगभग सबै क्षेत्र खुला गरिएको छ। महामारीकैबीच विदेशी विशिष्ठ व्यक्तिको हिमाल आरोहणले नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्व बजारमा गएको छ। धार्मिक क्षेत्र, सम्पदा तथा तीर्थस्थल पनि क्रमशः खुल्दैछन्। यसले पर्यटकीय गतिविधि बढेको छ। नेपालको पर्यटन छिट्टै पुरानै लयमा फर्कने सरकार तथा निजी क्षेत्रका व्यवसायीको विश्वास छ।

गत मङ्सिर २ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले अमादब्लम आरोहणमा आएको बेलायती आरोहण दलका सदस्यलाई आधार शिविरमै पुगेर हौसला प्रदान गरे। यसअघि १४ पटक सगरमाथाको सफल आरोहण गरेका बेलायती क्यान्टन र उनको आरोहण दलका सदस्य अमादब्लम आरोहणमा निस्किएको हो।

यसअघि कात्तिक २६ गते कतारका राजकुमार शेख मोहम्मद विल अब्दुल्लाले मनास्लु हिमाल तथा बहराइनका राजकुमारको आरोही दलले अमादब्लम हिमाल चढेर नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर दिनुभएको महसुस नेपालको पर्यटन क्षेत्रले गर्न पाएको छ। यसलाई यस समयको अत्यन्तै महत्वपूर्ण सन्देशका रुपमा नेपालका पर्यटन व्यवसायीले लिएका छन्। त्यसअघि बहराइनका राजकुमार नासिर बिन हामिद अल खलिफासहितको रोयल फोर्सको आरोही दलले मनास्लु हिमाल आरोहण गरेर स्वदेश फर्किएको थियो।

स्वदेशी तथा विदेशीको आरोहणले पर्यटन क्षेत्रमा उत्साह जगाएको छ। कोभिड महामारीको अवस्थामा पनि स्वदेशी तथा विदेशी आरोहीको आरोहणले नेपालको पर्वतीय पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुग्ने विभागको पर्वतारोहण शाखा प्रमुख एवं निर्देशक मीरा आचार्यले बताइन्। यी आरोहणले सन् २०२१ को वसन्त ऋतुको आरोहणका लागि आधार तयार भएको उनको भनाई छ।

नेपाल पर्वतारोहण संघ (एनएमए) का पूर्व अध्यक्ष आङछिरिङ शेर्पाले पर्वतारोहण तथा पदयात्राका लागि अहिले केही संख्यामा आएका पर्यटकले व्यवसायिलाई उत्साही बनाएको बताए। उनले स्वास्थ्य सुरक्षा मापदण्डलाई केही खुकुलो बनाएर नेपाल प्रवेशमा सहजीकरण गर्नसके नेपालको पर्यटन क्षेत्र छिट्टै नै पुरानै लयमा फर्कने विश्वास व्यक्त गरे।

नेपाल पर्यटन बोर्डका निर्देशक मणि लामिछानेले पर्यटनका प्रतिबन्धित क्षेत्र क्रमशः खुल्दै गएको र पर्यटकीय गतिविधि पनि बढेकाले नेपालको पर्यटन विस्तारै पुरानै लयमा फर्कने विश्वास व्यक्त गरे। पछिल्ला असोज र कात्तिक महिनामा विदेशी पर्यटक पनि बाक्लै संख्यामा आइरहेकाले पर्यटनका लागि आगामी दिन सुखद् रहने उनको भनाइ छ।

पर्यटक बढे

नेपालमा बन्दाबन्दी र प्रतिबन्धपछि करिब आठ महिनाको अवधिमा विदेशी पर्यटकको आवागमन लगभग शून्यप्रायः रह्यो तर बन्दाबन्दी शुरु भएयता कात्तिक महिनामा सर्वाधिक संख्यामा विदेशी पर्यटक नेपाल भित्रिएका छन्।

अध्यागमन विभागको विवरणमा कात्तिक महिनामा मात्र दुई हजार ९०० विदेशी नागरिक नेपाल आएका छन्। उनीहरूमध्ये एक हजार ३७० पुरुष र ६३९ महिला हुन्। उक्त अवधिमा अमेरिकाबाट ४५५, बेलायतबाट ३२६ पर्यटक नेपाल आएका छन्। चीनबाट १६१, भारतबाट १२५, टर्कीबाट ८२ र रुसबाट ८१ जना पर्यटक नेपाल आएका छन्।

यसअघि साउन महिनामा १३७, भदौमा ४११ र असोजमा एक हजार १९१ विदेशी पर्यटक नेपाल आएको देखिन्छ। अहिले घुमफिर वा कुनै उद्देश्यका लागि नेपाल आउने विदेशी पर्यटकले सात दिन होटल क्वारिन्टन बस्नुपर्ने व्यवस्था छ। पिसिआर रिपोर्ट नेगेटिभ आएपछि मात्रै उनीहरू चाहेको गन्तव्य जान पाउछन्।

अहिले आएका पर्यटकमध्ये धेरै नेपालस्थित कूटनीतिक नियोगका कर्मचारी, विदेशी उच्चस्तरका पाहुना तथा संयुक्त राष्ट्रसंघ आबद्ध कर्मचारी धेरै छन्। पर्यटक बढे पनि बोर्डबाट अक्टोबर महिनामा ८० हाराहारीमा मात्रै प्रवेशाज्ञाका लागि सिफारिस गरिएको बोर्डका निर्देशक लामिछानेको भनाइ छ। नले हालको संक्रमणलाई कम गर्न बोर्डले संकटका समयमा गरिएको सम्पर्क या सञ्चार 'क्राइसिस् कम्युनिकेशन टुल' को तयारी गरिरहेको जानकारी दिए।

पाच्चतारे होटल पर्ख र हेरको अवस्थामै

महामारीबाट बढी प्रभावित बनेको होटल क्षेत्रमा अहिले पनि उत्साह छैन। साना तथा पर्यटकस्तरका होटल सञ्चालनमा रहेपनि पर्याप्त पाहुना छैनन्। ठूला पाँचतारे होटल पनि पुरै खुलिसकेका छैनन्। होटल खोल्दा खर्च बढ्ने तर व्यापार भने नहुने देखिएपछि अझै पनि व्यवसायी त्रासमै देखिन्छन्। कोरोना संक्रमण दर बढिरहेकाले पनि विदेशी पर्यटकको संख्या बढ्न सकेको छैन।

संख्यामा कम भए पनि अहिलेको परिस्थितिमा पर्यटक आउनु नै खुशीको विषय भएको होटल एशोसिएसन अफ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहको भनाइ छ। उनका अनुसार दशैं तिहार र छठ पर्वका अवसरमा आन्तरिक पर्यटक बढेका छन्। पोखरा, चितवन, लुम्बिनीलगायत गन्तव्यका होटलमा राम्रो व्यापार भएको छ तर ठूला होटल पूर्णरुपमा सञ्चालनमा आउन सकेका छैनन्। महामारीबाट कसरी बच्ने भन्ने पनि ठूलो चुनौती रहेको छ।

'हामी होटल जतिखेर पनि सञ्चालन गर्न सबैखाले तयारीमा छौं, तर पाहुना पर्यटक आउनुपर्‍यो व्यापार हुनुपर्‍यो नत्र होटल खोलेर खर्च बढ्ने मात्रै हो। कतिपय खुलेका होटल तथा रेष्टुरेन्ट पनि कोरोना संक्रमण बढेपछि बन्द गर्नुपर्ने अवस्थामा छन्। फेरि पनि हामी आशावादी छौं आगामी दिनमा पर्यटन क्षेत्र गतिशील हुनेछ', उपाध्यक्ष शाहले भने। हानमा आबद्ध पर्यटकस्तरदेखि पाँचतारे गरी देशभर तीन हजार हाराहारी होटल छन्।

आन्तरिक उडानमा उत्साह

महामारीबाट बढी प्रभावित बनेको मुलुकको हवाई क्षेत्र भने विस्तारै उकासिने क्रममा छ। महत्वपूर्ण चाडपर्व तथा पर्यटकीय याम भएकाले पनि अहिले आन्तरिक उडान उत्साहवर्द्धक छ।

तिहारअघिसम्म एयरलाइन्सको करिब ९० प्रतिशत अकुपेन्सी रहेको थियो तर तिहारपछि एयरलाइन्सको व्यापार सुस्त रहेको वायुसेवा सञ्चालक संघका प्रवक्ता योगराज कँडेल शर्माले बताए। अहिले हेलिकप्टरको व्यापार भने खस्केको छ। आन्तरिक उडानमा १० हेलिकप्टरसहित १९ वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्।

महामारीबाट अर्थतन्त्रका अन्य क्षेत्रभन्दा पर्यटन क्षेत्र बढी प्रभावित बनेको छ। नेपाल मात्र नभई संसारकै पर्यटन क्षेत्रमा यसको असर छ। संयुक्त राष्ट्रसङ्घ, विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ) ले पनि अघिल्लो वर्षको तुलनामा सन् २०२० मा विश्व पर्यटन बजार ६० प्रतिशत घट्ने प्रक्षेपण गरेको छ।

नेपालमा सन् २०१९ को तुलनामा सन् २०२० मा करिब २० प्रतिशत मात्र विदेशी पर्यटक आउने अनुमान गरिएको छ। जुन अघिल्लो वर्षको तुलनामा ८० प्रतिशत गिरावट हो। नेपाल पर्यटन बोर्डले यो वर्ष करिब २० प्रतिशत मात्रै पर्यटक आउने आँकलन गरेको छ। सन् २०१९ मा ११ लाख ९७ हजार १९१ र सन् २०१८मा ११ लाख ७३ हजार ७७ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। *रासस*

सुनको मूल्य फेरी बढ्यो

काठमाडौं / रासस

स्थानीय बजारमासुनको मूल्यमा आज सामान्य वृद्धि भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुन प्रतितोला रु ३०० ले वृद्धि भएको छ। शुक्रबार पहेँलो धातु प्रतितोला रु ९४ हजारमा कारोवार भएकामा आइतवार ९४ हजार ३०० पुग्यो।

यस्तै तेजाबी सुन शुक्रबार प्रतितोला रु ९३ हजार ५०० मा कारोवार भएकामा आज रु ९३ हजार ८०० मा कारोवार भएको छ।

यस्तै चाँदीको मूल्य भने स्थिर छ। चाँदी प्रतितोला रु एक हजार २१० मा कारोवार भएको छ।

नेपाल राष्ट्र बैंकले १५ अर्बको ट्रेजरी बिल बिक्री गर्ने

काठमाडौं / रासस

नेपाल राष्ट्र बैंकले सोमबार १४ अर्ब ८१ करोड ३२ लाख बराबरको ट्रेजरी बिल बिक्री गर्ने भएको छ। केन्द्रीय बैंकले बोलकबोल प्रक्रियाका माध्यमबाट उक्त परिमाणको ट्रेजरी बिल बिक्री गर्न लागेको हो।

राष्ट्र बैंकले सबै ट्रेजरी बिल नवीकरणका लागि बोलपत्र आह्वान गरेको छ। त्यसमा कूल दुई अर्ब २३ करोड ३२ लाख ९१ दिने अवधिको हो। यस्तै १२ अर्ब ४७ करोड कूल १८२ दिनका लागि र ११ करोड भने कूल ३६४ दिनका लागि बिक्री गर्न लागिएको छ।

२५० मेगावाट विद्युत् आयात गरिने

काठमाडौं / रासस

सुक्खायाममा सहज रुपमा विद्युत् आपूर्तिको व्यवस्था मिलाउन नेपाल विद्युत् प्राधिकरणले अधिकतम् २५० मेगावाटसम्म विद्युत् आयात गर्ने भएको छ।

विशेषगरी माघ, फागुनमा नदीमा जलसतह कम हुने तथा प्राधिकरण र निजी क्षेत्रका आयोजनामा समेत कम विद्युत् उत्पादन हुने भएकाले बिजुली व्यवस्थापनका लागि भारतबाट विद्युत् आयात गर्न लागिएको हो। प्राधिकरणले सन् २०२० को डिसेम्बर १ देखि २०२१ को जुनसम्मका लागि विद्युत् आयातका लागि भारतसँग आग्रह गरेको थियो। प्राधिकरणको सो आग्रहलाई भारतले स्वीकृति दिएको जनाइएको छ।

प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यका अनुसार भारतका तर्फबाट शनिबार मात्रै स्वीकृति आएको छ। सो स्वीकृतिपछि सुक्खायाममा विद्युत् व्यवस्थापनका लागि प्राधिकरणलाई सहज भएको छ। कामयमुकायम कार्यकारी निर्देशक शाक्यले प्राधिकरणको आग्रहअनुसार नै स्वीकृति भएर आएको छ।

उनका अनुसार कूल २५० मेगावाटमध्ये ८० देखि १५० मेगावाट विद्युत् भने २४सै घण्टा लिनुपर्नेछ। बाँकी भने आवश्यक पर्दा मात्रै लिए हुने खालको रहेको रहेको उनले जानकारी दिए।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले नेपालतर्फ निर्यात गरिने विद्युत्को माग र परिमाणको स्वीकृति दिएको हो। प्राधिरकणले त्यहाँको नोडल एजेन्सी एनभिभिएनमार्फत विद्युत् आयात गरिरहेको छ। ढल्केबरबाट आउने विद्युत् एनभिएनमार्फत आएको विद्युत् हो। प्राधिकरणले विहार, उत्तरप्रदेशबाट पनि विद्युत् आयात गर्छ।

विशेषगरी सुक्खायाममा बिजुलीको माग पनि बढी हुने र उत्पादन पनि कम हुने भएकाले व्यवस्थापनका लागि आन्तरिक तथा बाह्य स्रोतलाई समेत प्रभावकारी परिचालन गर्नं जरुरी हुन्छ। पछिल्ला चार वर्षमा प्राधिकरणले माग र आपूर्तिको बीचमा सन्तुलन मिलाएर विद्युत् प्रवाह गर्दै आएको छ।

सोही कारण प्राधिकरणको आर्थिक स्वास्थ्यमा समेत सुधार आएको छ। विद्युत्भार कटौतीको अन्त्य, चोरी नियन्त्रण जस्ता कारणले प्राधिकरण नाफामा समेत गएको छ। केही दिन पहिले मात्रै ढल्केबर सवस्टेशनसमेत ४०० केभीमा सञ्चालनमा आएको छ। सवस्टेशनको क्षमता वृद्धिसँगै अन्तरदेशीय प्रसारण लाइनका रुपमा रहेको ढल्केबर-मुजफफ्फरपुर प्रसारण लाइनसमेत ४०० केभीमा नै सञ्चालन हुनेछ।

नेपालको तर्फबाट प्रसारण लाइनको क्षमता वृद्धिका लागि कुनै समस्या नभए पनि भारतको तर्फबाट स्वीकृति दिनुपर्ने र सुरक्षात्मक उपायसमेत अवलम्बन गर्नुपर्ने कायममुकायम कार्यकारी निर्देशक शाक्यको भनाइ छ। हिउँदका लागि सहज विद्युत् व्यवस्थापनका लागि भारतसँग पहल गरेको प्राधिकरणले आन्तरिकरुपमा समेत सवस्टेशनको मर्मत तथा सम्भारलाई समेत ध्यान दिएको छ। ढल्केबर- खिम्ती १३२ केभी प्रसारण लाइनमा समेत मर्मत गरी विद्युत् आयातलाई सहज बनाइएको छ। भरतबाट हेटौंडा हुँदै आउने र खिम्ती भएर आउने विद्युत् प्रवाहमा समेत एकरुपता कायम गरिएको छ। यसबाट स्वीचीङमा हुने समस्या समाधान हुने भएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले गुणस्तरीय र सहज विद्युत् आपूर्तिका लागि प्राधिकरणलाई निर्देशन दिए।

मन्त्री पुनः प्राधिकरण सञ्चालक समितिका अध्यक्ष हुन्। उनले उपभोक्तालाई गुणस्तरीय विद्युत् प्रवाहका लागि सवस्टेशनको मर्मतसम्भार, ट्रान्सफर्मरको क्षमता वृद्धि तथा प्रसारण लाइनमा रहेको समस्या समाधानका लागिसमेत पहल गरिरहेका छन्।

मन्त्री पुनले निर्माणाधीन प्रसारण लाइनसमेत तत्काल सम्पन्न गर्न पहल गरे। सोलु करिडोरको समस्या समाधान भएको छ भने अन्य प्रसारण लाइनकोसमेत समस्या समाधानका लागि पहल भइरहेको उनको सचिवालयले जनाएको छ।

सेयर बजारमा नयाँ रेकर्ड: आइतबार झण्डै ७ अर्बको कारोबार

टुडे एक्सप्रेस / काठमाडौं

आइतबार शेयर बजारमा कारोबार रकमले नयाँ रेकर्ड कायम गरेको छ। पछिल्लो समय लगातार बढ्दै गएको बजारमा लगानीकर्ता आकर्षित हुँदा कारोबार रकमले नयाँ रेकर्ड बनाउँदै गएको छ।

आइतबार बजार बन्दहुँदा ६ अर्ब ९० करोड ६७ लाख रुपैयाँ बढीको शेयर कारोबार भएको छ। गत साता बिहीबार एकैदिन ६ अर्ब ११ करोड ६७ लाख रुपैयाँको शेयर कारोबार भएर नयाँ रेकर्ड बनाएको थियो।

उक्त रेकर्डलाई आइतबारको कारोबारले तोडेको छ। बजारमा २ सय १ कम्पनीको ६३ हजार ५ सय ७० पटकको कारोबारबाट १ करोड ६० लाख ३४ हजार ७ सय १७ कित्ता शेयर खरिदविक्री भएको छ।

कारोबार सुरु भएदेखि नै उतारचढाव देखिएको नेप्से परिसूचक कारोबार बन्द हुँदा भने ४ दशमलव ६९ अंकले बढेर १ हजार ७ सय ८२ दशमलव ८१ अंकमा बन्द भएको छ। दिनभर नेप्सेमा करिब ५० अंकको उतारचढाव देखिएको छ।

कारोबारमा आएका समूह मध्ये बैंकिङ, विकास बैंक र अन्य समूह बाहेकका सबै समूहका सूचकहरू घटेका छन्। यसअघिका दिनहरूमा व्यापार, बीमा, उत्पादन र अन्य समूहबाट कमाइरहेका लगानीकर्ताहरू ती क्षेत्रको शेयर बिक्री गरी बैंक तर्फ आकर्षित भएको देखिन्छ।

त्यसैले अन्य समूहमा दबाव भइरहदा पनि बैंकिङ समूह २९ अंक अर्थात् २ दशमलव २३ प्रतिशतले बढेको छ। विकास बैंक शुन्य दशमलव ६४ प्रतिशत र अन्य समूह शुन्य दशमलव १ प्रतिशत बढेको छ।

लगानीकर्ताहरू तुलनात्मक रुपमा सस्तो रहेका बैंक तथा वित्तीय संस्थाका शेयर खरिद गर्न झुम्मिएको देखिन्छ।

“मोडलिङ्गमा करिअर बनाउन सकिन्छ”

मोडलिङ्ग दुनियाँमा यतिबेला नव कलाकारहरूको रुची बढ्दो छ नवप्रवेशी कलाकार पनि प्रशस्त छन्। एक पछि अर्को गरि ‘एक्टिभ’ सुन्दर र प्रबल सम्भावना बोकेका थुप्रै नयाँ अनुहारका युवा-युवती आइरहेका छन्। यसैबीच, सानै उमेरदेखि अभिनय तथा नृत्यमा रुची राख्ने र थुप्रै कार्यक्रम र प्रतियोगितामा सहभागी भएर उत्कृष्ट नतिजा प्रदर्शन गरेकी नब मोडल हुन् रन्जिता केसी। भविष्यमा कुशल र सफल चर्चित मोडल तथा नायिका बन्ने सोच लिएर कलाकारितामा प्रवेश गर्ने सोचाइमा छिन् भने अहिले त्यसै अनुरुप मिहिनेत गर्दैछिन्।

मोडलिङ्ग क्षेत्र आफैमा एउटा राम्रो र सम्भावना बोकेको क्षेत्र हो। जहाँबाट कलाकारले राम्रो अवसर पाउन सक्छन्। अभिनय र नृत्य विधामा राम्रा सम्भावना बोकेका कलाकारहरूले यसैको माध्यमबाट विभिन्न अवसरहरू पनि पाईरहेका हुन्छन् भने देश विदेशको यात्रा गर्दै संसारमा चर्चित हुने अवसर पनि जुटाइरहेका हुन्छन्।

यसै क्रममा मोडलिङ क्षेत्रलाइ व्यवसायिक रुपमा अगाडी बढाउने सोचका साथ सम्भावना सहित पछिल्लो समयमा मोडलिङमा प्रवेश गरेकी हुन् नब मोडल केसी। दोलखा जन्मथलो र काठमाडौलाई कर्मथलो बनाउदै आएकी रन्जिताले देश विदेशको यात्रा समेत गरिसकेकी छिन्। विभिन्न स्टेज कार्यक्रमहरूमा आफ्नो कुशल अभिनय तथा नृत्य प्रस्तुत गरिसकेकी मोडल केसीको बच्चादेखिकै चाहना भनेको मोडल तथा कलाकार बन्नु थियो।

मोडल केसी नृत्य र अभिनयमा पोख्त सुक्मित सुन्दर मुहार र आकर्षक शरीरकी धनि पनि छिन्। चिटिक्क मिलेको शरीर अनि सुन्दर मुहार र सेक्सी एन्ड बोल्ड लुक्स नै उनिप्रतिको आकर्षण हो। मिजासिलो स्वभाव, सकारात्मक सोचको धनी सबैसङ्ग सजिलै घुलमिल हुन सक्ने केसीको विशेषता हो। पेशाले शिभिल इन्जिनियर समेतरहेकि नायिका खेल र एक्सनमा पनि उत्तिकै सौखिन छिन्। अहिलेसम्म थुप्रै अफर आएका छन् तर उचित समयमा राम्रो ब्यानरमा मात्र आफुले काम गर्ने योजनामा रहेको मोडल रन्जिताको भनाइ छ। ‘कथा अनुसार जस्तोसुकै भूमिका र अभिनय गर्न सक्ने साहस र हिम्मत छ। पक्कै गर्ने छु भन्ने उनको विश्वास छ। क्वान्टिटी भन्दा क्वालिटिमा कामलाई फोकस गर्न सकियो भने उपलब्धीमुलक हुन्छ। ’अहिलेसम्म प्रेम सम्बन्धमा नरहेको बताउने केशीलाइ प्रेम प्रस्ताव भने थुप्रै आउने गरेको छ। आफ्नो रोजाइको ब्वाइ नै नभेटेकोले अझै सिङ्गल छु भन्छिन मोडल केसी।

सेक्सको बारेमा खुलेर कुरा गर्ने मोडल रन्जिताले भन्छिन ‘यो एक प्राकृतिक कुरा हो। मानव जीवनमा आवश्यक पनि छ तर यसलाइ समय, ठाउँ र व्यक्ति अनुसार प्रयोग गर्नुपर्छ।’ अब भने केसीले छिट्टै नयाँ प्रोजेक्टमा काम गर्ने लगभग निश्चित भएको छ। सम्भवतः अर्को महिनाबाट सुटिङ्गको काम हुने उनले बताइन्। आफ्नो कार्य व्यस्तताले समय दिन नसकेकाले धेरै अफरलाई स्वीकार गर्न नसकेको बताउने उनी अब भने कामको लागि तयार भएकी छिन्। कामलाइ निरन्तरता दिने उनी बताउछिन्।

जनकपुरधामका पुर्व नगर प्रमुख बजरंग प्रसाद साहले १६ बर्ष आगाडी नै जनकपुर युथ क्लबलाई प्रदान गरेको पोखरी (रामेश्वरीदेवि सरोबर) मा बृक्षारोपण गरिदै। नेपाली काग्रेस प्रदेश २ का संसदीय दलका नेता रामसरोज यादवको प्रमुख आतिथ्यमा बृक्षारोपन गरिएको हो। *तस्विर : टुडे एक्सप्रेस*

उस्तै छ बालश्रम

काठमाडौं / रासस

बालबालिकालाई थोरै तलब र बढी समयसम्म काममा लगाउन सहज हुने कारण बालश्रमको प्रयोग भइरहेको पाइएको छ। बालश्रमप्रति अझै पनि समाजमा चेतना नपुगेको तथा बालश्रमलाई सामाजिकरूपमा स्वीकार गरिएको, बालबालिकाका लागि सहयोगको कार्यक्रमको अभावलगायतका कारणसमेतले कतिपय क्षेत्रमा बालश्रम व्याप्त रहेको देखिएको छ।

दशकौँदेखि नेपालमा बालश्रमविरुद्ध चेतना, जागरण र सहयोगका कार्यक्रम सरकारी र विकासका साझेदार संस्थाबाट भए पनि सामान्यतया: रोजगारीको अनौपचारिक क्षेत्र (रेष्टुरेन्ट, यातायात, निर्माण, कृषि, साना तथा घरेलु उद्योग, गलैँचा कारखाना, जरी कारखाना, इँटाभट्टा, आदि) लगायत घरेलु श्रममा पनि बालबालिकालाई संलग्न गराइएको देखिएको छ। आर्थिक वर्ष २०७६/७७ मा विभिन्न राष्ट्रिय दैनिक पत्रिका र विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशित घटनामध्ये बालबालिकालाई विभिन्न काममा लगाएका २३ वटा घटनाबाट ७९ बालबालिका (बालक ५७ र बालिका २२) प्रभावित भएको राष्ट्रिय बालअधिकार परिषदका प्रवक्ता रामबहादुर चन्दले जानकारी दिए।

परिषद्का अनुसार अधिकांश बालबालिका (६७ जना) पढाइ खर्च जुटाउन विभिन्न काममा संलग्न भएको र नौ जना घरेलु तथा होटलमा एवं तीन जना सार्वजनिक यातायातमा संलग्न भएको घटना सार्वजनिक भएको पाइएको छ। दश वर्ष वा सोभन्दा मुनिको १० बालबालिकासमेत काममा संलग्न रहेको जानकारी रहेको छ। केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको नेपाल श्रमशक्ति सर्वेक्षणमा २०७६ बाट १७ वर्षमुनिका करिब दुई लाख ८६ हजार बालबालिका आर्थिकलाभको कार्यमा संलग्न भएको पाइएको छ।

नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाइएको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ।

नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार एक लाख चार हजार ७१४ बालबालिका (बालक ५६ हजार २६७ र बालिका ४८ हजार ४४७) कामकाजमा संलग्न रहेका छन्। केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार पाँचदेखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ।

मनोकामना युवा कमिटिको उद्घाटन सम्पन्न

टुडे एक्सप्रेस / जनकपुरधाम

जनकपुरधाम - ११ को मिल्स एरिया (हनुमान मन्दिर) मा मंसिर ७ गते आइतबार मनोकामना युवा कमिटिको उद्घाटन कार्यक्रम सम्पन्न भएको छ। उक्त कमिटिको कार्य समितिको अध्यक्षमा शत्रुघन प्रसाद साह, उपाध्यक्षमा निरज प्रसाद साह, सचिवमा विष्णु कुमार साह, सहसचिवमा सिल्पी कुमारी सिंह, कोषाध्यक्षमा चन्देश्वर प्रधान र अन्य सात जना सदस्यहरू रहेका छन्।

प्रमुख अतिथि समाजसेवी शिव दयाल साह, अतिथिहरूमा पुर्व मन्त्री यदुवंश झा, पुर्व मन्त्री देव नारायण यादव, जनकपुरधाम-११ का वडा अध्यक्ष राम चन्द्र साह, प्रदेश २ का सभासद राम चन्द्र मण्डल, श्याम साह, राम नेक साह, ऋषी केश साह र डा. अनिल कुमार साहको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा प्रमोद कुमार साहले स्वागत मन्तव्य प्रस्तुत गर्नु हुँदै युवा कमिटिले युवा जोस जाँगरको सदुपयोगले समुदायस्तरमा लाभ हुने बताएका छन्।

उद्घाटन कार्यक्रमको अवसरमा रक्तदान कार्यक्रम पनि आयोजना भएको छ जसमा गणेश कुमार साह, उपेन्द्र कुमार साह, चन्देश्वर प्रधान, सरोज हाथी, निरज प्रसाद साह, सुजित कुमार साह, चिरन्जीवी प्रसाद साह, शत्रुघन प्रसाद साह, जितन माली, डा. अनिल कुमार साह, उपेन्द्र कुमार साह, प्रमोद कुमार गेहिवार, दिपु मण्डल, कुनाल प्रसाद साह र उमेश कुमार साह सहभागीता रहेका छ।

दुर्घटनामा श्रीमतीको मृत्यु, श्रीमान् र छोरी गम्भीर

महेन्द्रनगर / रासस

कञ्चनपुरको कृष्णपुर नगरपालिकामा शनिवार राति ट्र्याक्टर र मोटरसाइकल एकआपसमा ठोक्किँदा एक महिलाको मृत्यु भएको छ।

कृष्णपुर-३ वाणी देखतभुली मार्गमा सेप्त ९५३३ नम्बरको ट्र्याक्टरले म१प ६७६६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार स्थानीय रामेश्वरी जोशीको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ। दुर्घटनामा मोटरसाइकल चालक डम्बरदेव जोशीको धनगढीस्थित माया मेट्रो अस्पतालमा उपचार भइरहेको छ भने मोटरसाइकलमै सवार १५ वर्षीया ममता जोशीलाई थप उपचारका लागि काठमाडौँ रिफर गरिएको प्रहरीले जनाएको छ। मोटरसाइकल चालक मृतक रामेश्वरीका श्रीमान् र गम्भीर घाइते ममता छोरी रहेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक अमरबहादुर थापाले जानकारी दिए। ‘दुर्घटनामा परी बाबु र छोरीको अवस्था गम्भीर छ’, प्रवक्ता थापाले भने, ‘आमालाई उपचारका लागि धनगढी पुर्याउँदा मृत्यु भयो।’

दुर्घटनालगत्तै त्यहाँ केही समय स्थिति तनावग्रस्त बनेपछि राति नै जिल्ला प्रहरी कार्यालयबाट प्रवक्ता थापाको नेतृत्वमा प्रहरी टोली दुर्घटनास्थल पुगेको थियो। प्रहरीले ट्र्याक्टर र चालक शुक्लाफाँटा नगरपालिका-१२ का लक्की रानालाई नियन्त्रणमा लिएको जनाएको छ।

विज्ञापन दर रेट सम्बन्धी सूचना

नेपाली राष्ट्रिय दैनिक टुडे एक्सप्रेसमा प्रकाशन हुने विज्ञापनमा मिति २०७७ मंसिर ५ गते देखि लागु हुने गरी दररेट निम्नअनुसार कायम गरिएको जानकारी गराइन्छ।

Advertisement	B/W per Column/cm			Color per coulmn/cm		
	Inside	Back	Front	Inside	Back	Front
Government	1,225/-	1,525/-	2,525/-	1,325/-	2,025/-	2,525/-
Private	1,225/-	1,225/-	1,825/-	1,225/-	1,825/-	2,325/-
Classified	500/-	-	-	1,025/-	-	-
Eear Panel Front	-	-	-	6,025/-	-	-
Eco. Page Ear Panel	-	-	-	4,025/-	-	-
Jacket Page (Front & Second Page)	8,12,225/-					
Jacket Page (Front & Back Page)	10,00,555/-					

उपरोक्त दर रेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन्।

टुडे एक्सप्रेस राष्ट्रिय दैनिक,
कार्यालय: जनकपुरधाम, धनुषा, फोन : ०४१-५९००९७
email: etodayexpress@gmail.com

कोरोनाबाट स्वास्थ्य शाखा प्रमुखको मृत्यु

टुडे एक्सप्रेस / जनकपुरधाम

सिरहाको कल्याणपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख गौरीशंकर देवको कोरोना भाइरसको संक्रमणबाट मृत्यु भएको छ।

नोबेल मेडिकल कलेज बिराटनगरमा उपचारका क्रममा जनस्वास्थ्य अधिकृत देवको शनिवार निधन भएको हो। सप्तरीको राजविराज नगरपालिका २ घर भएका ५० वर्षीय देवको कोरोना रिपोर्ट दुई साता अगाडी नै पोजेटिभ आएको थियो।

नोबेल मेडिकल कलेजका प्रबन्धक नारायण दाहालले कोरोना रिपोर्ट नेगेटिभ आएको तर क्लिनिकल्ली कोरोना डेथ भनिएको बताए। उनका अनुसार उपचारकै क्रममा शनिबार राति उनको मृत्यु भएको छ।

प्रधान सम्पादक तथा प्रकाशक : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर,